निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

२०७१/०७२ - २०७५/०७६

र

# दुई वर्षीय कार्ययोजना

२०७१/०७२ - २०७२/०७३



# दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

२०७१/०७२ - २०७५/०७६

र

# दुई वर्षीय कार्ययोजना

२०७१/०७२ - २०७२/०७३

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# मन्तव्य

आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, २०७१/०७२ - २०७५/०७६ प्रकाशित गरी कार्यान्वयनमा ल्याउन पाउँदा साह्रै खुशी लागेको छ । पहिलो पञ्चवर्षीय रणनीतिक योजना, २०६५-२०७० को सफल कार्यान्वयन पश्चात् उक्त रणनीतिक योजनाबाट शुरु गरिएका निर्वाचनका विधि र प्रक्रियामा प्रविधिको उपयोगद्वारा थालिएका सुधारका कार्यहरुलाई निरन्तरता दिँदै विश्व मञ्चमा समेत आयोगलाई उत्कृष्ट निर्वाचन व्यवस्थापन निकायको रुपमा चिनाउने उद्देश्यले आयोगले आफ्नो संवैधानिक निर्दिष्टता, आवश्यकता र प्राथमिकताका आधारमा आयोग, सचिवालय र अन्य सरोकारवालाहरु समेतको संलग्नतामा विषयवस्तुहरु पहिचान गरी रणनीतिक आधारस्तम्भको आधारमा योजना तयार गरिएको छ। साथै अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासहरु, विगत्मा सम्पन्न भएका निर्वाचनका अनुभव तथा पहिलो रणनीतिक योजनाको मध्यावधि मूल्यांकनबाट प्राप्त निष्कर्ष र सुझावहरु पनि यस योजना निर्माणका प्रमुख आधारका रुपमा रहेका छन् । यस योजनाले मुख्यतया: पाँचवटा रणनीतिक सवालहरु पहिचान गरी सो का आधारमा, रणनीतिक लक्ष्य  तथा क्रियाकलापहरु एवं अनुगमन तथा मूल्यांकनको मार्गदर्शनसहित पहिलो दुई वर्षीय कार्ययोजना समेत तयार गरिएको छ । रणनीतिक योजनालाई मूर्त रुप दिन आयोगका माननीय निर्वाचन आयुक्त श्री इला शर्माको संयोजकत्वमा गठित उच्चस्तरीय समितिले आयोग र अन्तर्गतका कर्मचारी तथा अन्य महत्वपूर्ण सरोकारवालाहरुसँगको विस्तृत छलफल र परामर्शपछि यसको मस्यौदा तयार पारेको थियो । योजना तर्जुमामा संलग्न माननीय निर्वाचन आयुक्त तथा कर्मचारी एवं अन्य सरोकारवालाहरु समेत सबैलाई हार्दिक बधाई दिन चाहन्छु ।

आयोगको पहिलो रणनीतिक योजनाको कार्यान्वयनबाट फोटो सहितको मतदाता नामावली संकलन तथा अद्यावधिक, मतदाता परिचयपत्र तयारी तथा वितरण, निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना तथा संचालन, आयोग र अन्तर्गत कार्यरत जनशक्तिको क्षमता विकास, सरोकारवालासँगको सहयोग र समन्वय एवं विकास साझेदार निकायसँगको सहकार्य लगायतका कामहरुबाट निर्वाचनको संचालन तथा व्यवस्थापनमा आधुनिकीकरण र सुधारका महत्वपूर्ण कार्यहरु

संभव भएको छ । यसको उपलब्धिको रुपमा संवत् २०७० साल मंसिर ४ गते सम्पन्न अर्को संविधानसभा सदस्य निर्वाचनमा प्राप्त राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विश्वसनीयतालाई समेत लिन सकिन्छ ।

आयोग दोस्रो रणनीतिक योजनाले परिकल्पना गरेका रणनीतिक लक्ष्य, उद्देश्य र परिलक्ष्य प्राप्त गर्नको लागि यसको प्रभावकारी कार्यान्वयनमा प्रतिवद्ध रहेको छ । यसको सफल कार्यान्वयनबाट अन्ततोगत्वा निर्वाचनमा नवीनतम प्रविधिको प्रयोग मार्फत् विश्वसनीय निर्वाचन गर्न सहयोग पुग्ने विश्वास लिएको छ। यो रणनीतिक योजना निर्वाचनका सम्पूर्ण विधि र प्रक्रियामा सुधार एवं आधुनिकीकरण मार्फत् विश्व मानचित्रमा आयोगलाई एक उत्कृष्ट निर्वाचन व्यवस्थापन निकायका रुपमा परिचित गराउन सफल हुने अपेक्षा गरिएको छ ।

दोस्रो रणनीतिक योजना आयोगको सामूहिक नेतृत्व, सचिवालयका कर्मचारीहरुको अथक मेहनत, जिल्ला निर्वाचन अधिकारीहरु तथा अन्य सरोकारवालाहरुको रचनात्मक सहयोग एवं सुझावको सार्थक परिणाम भएको हुँदा यस कार्यमा संलग्न सम्पूर्ण आयुक्तहरु, सचिव लगायत आयोगमा कार्यरत सम्पूर्ण कर्मचारीहरु, जिल्ला निर्वाचन अधिकारीहरु एवं अन्य सरोकारवालाहरुलाई आफ्ना महत्वपूर्ण सल्लाह, सुझावको लागि हार्दिक धन्यवाद दिन चाहन्छु । विशेषगरी यस योजनालाई मूर्त रुप दिन नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने निर्वतमान प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीप्रति आभार व्यक्त गर्दछु । त्यस्तै अन्तर्राष्ट्रिय अनुभव समेत समावेश गर्दै यसलाई पूर्णता दिन महत्वपूर्ण योगदान गरेवापत् निर्वाचन विज्ञ प्राध्यापक राफेल लोपेज पिन्टोर प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । रणनीतिक योजनाको मस्यौदा निर्माण, छपाई लगायतका कार्यमा प्राविधिक सहयोग पुऱ्याउने संयुक्त राष्ट्रसंघीय निर्वाचन सहायता परियोजना (UNDP/ESP) र अन्य सम्पूर्ण विकास साझेदार निकाय एवं शुभचिन्तकहरुप्रति निरन्तर सहयोग र सहकार्य उच्चस्तरमा रहिरहने विश्वास राख्दै सम्बद्ध सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

..........................................

दोलखबहादुर गुरुङ्ग
का.वा. प्रमुख निर्वाचन आयुक्त
निर्वाचन आयोग, नेपाल

# विषयसूची

**पृष्ठभूमि** ............................................................ १

**आयोगको रणनीतिक आधार स्तम्भ** ............................................ ७
दूरदृष्टि ............................................................ ७
अभियान ............................................................ ७
मार्गदर्शक सिद्धान्तहरू ............................................................ ७

**सबलपक्ष, दुर्बलपक्ष, अवसर र चुनौतीहरू** ............................................ ११
सबलपक्ष ............................................................ ११
दुर्बलपक्ष ............................................................ १२
अवसरहरू ............................................................ १३
चुनौतीहरू ............................................................ १३

**रणनीतिक सवाल तथा लक्ष्यहरूको पहिचान** ............................................ १५
रणनीतिक सवालहरू ............................................................ १५
रणनीतिक लक्ष्यहरू ............................................................ १९

**दोस्रो पञ्चवर्षीय रणनीतिक योजना** ............................................ २३

**दुई वर्षीय कार्ययोजना** ............................................ ५९

**अनुगमन र मूल्याङ्कन** ............................................ ८९
अवधारणा ............................................................ ८९
प्रक्रियागत मार्गदर्शन ............................................................ ९०

**परिशिष्टहरू** ............................................................ ११६

# दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

## पृष्ठभूमि

निर्वाचन आयोगको पहिलो पञ्चवर्षीय रणनीतिक योजना २०६५ साल (सन् २००९) मा कार्यान्वयन प्रारम्भ भई २०७० साल (सन् २०१३) मा सम्पन्न भइसकेको छ । उक्त रणनीतिक योजनाले विगत पाँच वर्षसम्म आयोगको कार्य सञ्चालनलाई मार्गदर्शन गरेको थियो । आयोगले वि.सं. २०७१ साल (सन् २०१४) मा विभिन्न तहहरूमा कार्यशाला र छलफल आयोजना गरी सिकिएका पाठहरूको अभ्यासमार्फत् उक्त योजनाको मूल्याङ्कन गरिसकेको छ । रणनीतिक योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनका अभ्यासबाट सार्वजनिक सेवाको व्यवस्थापन एवं कार्यान्वयनको लागि उपयोगी संयन्त्रको रूपमा योजनालाई  निरन्तरता दिनु आवश्यक छ भन्ने निष्कर्ष प्राप्त भएको छ । यसलाई नेपालको राष्ट्रनिर्माण, संविधान तर्जुमा र लोकतन्त्रको विकासको मौजुदा संक्रमणकालीन सन्दर्भमा एक टड्कारो आवश्यकता पनि ठानिएको छ। रणनीतिक योजनाले निर्वाचन व्यवस्थापन गर्ने निकायहरूको सवलता र कुशलता वृद्धि गर्न मद्दत गर्दछ। लोकतन्त्रको मुख्य आधारस्तम्भहरू मध्ये  निर्वाचनको क्षेत्रमा संक्रमणकालीन राजनीतिक वातावरणले पार्ने अनिश्चितताहरूलाई न्यूनीकरण गर्न समेत यस योजनाले सघाउ पुर्‍याउनेछ।

निर्वाचन आयोगले निर्दिष्ट लक्ष्य र क्रियाकलापसहित पहिलो पञ्चवर्षीय रणनीतिक योजना वि.सं. २०६५-२०७० (सन् २००९-२०१३) थालनी गरेको थियो । सोही योजनाको कार्यान्वयनको फलस्वरुप  आयोगलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रूपमा निर्वाचन सञ्चालन गर्नको लागि संस्थागत रूपमा सबल बनाउने दिशामा महत्वपूर्ण उपलब्धिहरु हासिल भएका छन् । फलतः २०७० सालमा अर्को संविधानसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न भयो । पहिलो रणनीतिक योजना सफलतापूर्वक कार्यान्वयन भई सकेपछि आयोगले दोस्रो रणनीतिक योजना २०७१/०७२ - २०७५/०७६ तर्जुमा गरेको छ । यो रणनीतिक योजना आयोगले व्यापक रुपमा आयोग र अर्न्तगत कार्यालयका पदाधिकारी तथा कर्मचारीहरुको सहभागितामा छलफल गर्नुका साथै निर्वाचनसम्बद्ध अन्य सरोकारवालासँग समेत अर्न्तक्रिया गरी प्राप्त सुझावहरुको आधार तर्जुमा गरिएको छ । यसमा दुई वर्षीय कार्ययोजना २०७१/०७२-२०७२/०७३ (सन् २०१५-२०१६) को ढाँचा एवं

कार्यान्वयनको समयमा प्रयोग हुने अनुगमन र मूल्याङ्कनको प्रक्रियामा समेत ध्यान केन्द्रित गरी पाँच वर्षको लागि विशेष क्रियाकलापहरूको पहिचान एवं कार्यान्वयन कार्यतालिका समेत तयार गरिएको छ । पहिलो योजनामा निर्दिष्ट गरिएका ५१ वटा क्रियाकलापहरूमध्ये २१ वटाको कार्यान्वयन उत्कृष्ट (४१.१७ प्रतिशत), १९ वटाको कार्यान्वयन उत्तम (३७.२५ प्रतिशत), ४ वटा अपूर्ण (७.८४ प्रतिशत) भएको र ७ वटा (१३.७२ प्रतिशत) कार्यान्वयन हुन बाँकी रहेका थिए । उत्कृष्ट र उत्तम सूचकहरू मिलाउँदा योजनाको कुल लक्ष्य मध्ये ७८.४२ प्रतिशत लक्ष्य पुरा भएको देखिन्छ । जैविक विवरणयुक्त (बायोमेट्रिक) मतदाता नामदर्ता र फोटोसहितको मतदाता नामावली तथा परिचयपत्र लागू गर्ने कार्य पहिलो रणनीतिक योजनाको मुख्य उपलब्धिको रुपमा रहेको छ । सो योजनाका अन्य उल्लेखनीय उपलब्धिहरूमा क्षेत्रीय र जिल्ला तहसम्म आयोगको सङ्गठनात्मक संरचनाको विस्तार, दक्ष तथा तालीम प्राप्त जनशक्तिको विकास, विभिन्न भाषामा मतदाता शिक्षा दिनुका साथै आयोगमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Center: EEIC) को स्थापना, निर्वाचन कार्यसञ्चालनमा सुधार आदि रहेका छन् । (थप विवरणका लागि **परिशिष्ट-१** हेर्नुहोस्)

निर्वाचन सञ्चालन गर्ने सिलसिलामा आयोगको छवि दक्षिण एसियाली क्षेत्रमा विशिष्ट रूपमा रहेको परिवेशमा आयोगले दोस्रो रणनीतिक योजनाको तर्जुमा गरेको छ । यसबाट यो क्षेत्रमा निर्वाचन व्यवस्थापनमा संलग्न व्यक्ति एवं पदाधिकारीहरुको वीचमा पारस्परिक ज्ञान र अनुभवका लाभहरू आदानप्रदानको संभावना बढ्दै गएको छ । आयोगले वि.स. २०७१ कार्तिक महिनामा दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको साझा मञ्च (Forum of the Election Management Bodies of South Asia: FEMBoSA) को पाँचौ बैठक काठमाडौंमा सफलतापूर्वक सम्पन्न गऱ्यो । यस मञ्चले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने दिशामा सार्क मुलुकका निर्वाचन व्यवस्थापन निकायहरूबीच सम्पर्क वृद्धि गर्ने, पारस्परिक अनुभव आदान प्रदान गर्ने र सहयोग वृद्धि गर्ने उद्देश्य राखेको छ । उक्त बैठकले चालू एक वर्षका लागि मञ्चको अध्यक्षता गर्ने र मञ्चको सचिवालय सञ्चालन गर्ने लगायतका कार्यहरू गर्न आयोगलाई जिम्मेवारी दिएको छ ।

साथै उक्त वैठकले आगामी एक वर्षका लागि गर्नुपर्ने कामको सूची पनि पारित गरेको छ । बैठकले सार्क मुलुकका निर्वाचन व्यवस्थापन निकायहरूले सिकेका र व्यवहारमा

ल्याएका निर्वाचनसम्बन्धी कामको अनुसन्धान गर्न, अनुभव आदान प्रदान गर्न, अभिलेख एकीकरण गर्न, दक्षिण एसियाली क्षेत्रमा आमसञ्चारको अनुगमन र नियमनका लागि न्यूनतम साझा आधार तय गर्न, सबै निर्वाचन व्यवस्थापन निकायको हालको अवस्थाको स्वायत्तता एवं स्वतन्त्रता र राजनीतिक दल व्यवस्थापन तथा निर्वाचन प्रचार प्रसार गर्ने कार्यको लागि राजनीतिक दलहरूले जुटाउने आर्थिक श्रोत र खर्च गर्ने रकम (Political Finance) को व्यवस्थापनको तुलनात्मक अध्ययन गरी दक्षिण एसियाली क्षेत्रका लागि एक न्यूनतम साझा मापदण्ड तयार गर्ने र नेपालमा लोकतन्त्र र निर्वाचन लागि दक्षिण एसियाली अध्ययन केन्द्र (South Asian Institute for Democracy and Electoral Studies: SAIDES) समेत स्थापना गर्ने निर्णय गरेको छ। उक्त बैठकले आफ्नो नारा "स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव" लाई स्वीकार गरेको छ।

यस योजनामा आयोगको पञ्चवर्षीय रणनीतिक योजना (२०७१/०७२ - २०७५/०७६) र दुई वर्षीय कार्ययोजना (२०७१/०७२-२०७२/०७३) समाविष्ट छन्। रणनीतिक क्रियाकलाप पहिचान गर्दा कुनै निर्दिष्ट क्रियाकलापका लागि जति छोटो समय राखिन्छ, उक्त क्रियाकलापले कार्यान्वयवनमा मूर्त रूप पाउने संभावना पनि उत्तिकै बढी रहन्छ भन्ने मर्मलाई आत्मसात गरिएको छ। दोस्रो योजना तर्जुमा गर्दा राजनीतिक अवस्था एवं संस्थागत परिवेश र समयको सीमालाई दृष्टिगत गरी सकेसम्म विशिष्ट क्रियाकलाप केन्द्रित बनाउन प्रयास गरिएको छ। यस योजनाको महत्वपूर्ण पक्षको रुपमा दुई वर्षमा पूरा गर्नुपर्ने र गर्न सकिने क्रियाकलापको प्राथमिकता निर्धारण गरी समय सीमासँग आवद्ध गरिएको र सो समय सीमा भित्र पूरा गर्न नसकिने क्रियाकलापलाई पाँच वर्ष भित्र सम्पन्न गर्ने गरी समयसीमा तोकिएको छ।

यस योजनाले मूलतः रणनीतिका रुपमा समेट्नुपर्ने सम्पूर्ण क्रियाकलापहरुलाई समाविष्ट गरेको भए तापनि आयोगका सबै क्रियाकलाप र गतिविधिहरुलाई समेटेको छैन। विशेषरूपमा रणनीतिक प्रकृतिका र प्राथमिकतामा राख्नुपर्ने क्रियाकलापहरू यसमा समेटिएका छन्। अर्को शब्दमा भन्नु पर्दा यसले आयोगको संस्थागत सुदृढीकरण र कार्यसंचालन दक्षताका लागि बढी आवश्यक ठानिएका प्राथमिकता प्राप्त विषय, लक्ष्य र कार्यहरूलाई समेटेको छ।

सामान्यतया रणनीतिक योजना निर्माण गर्दा निर्देशात्मक (Prescriptive) र सांकेतिक (Indicative) दुवै तत्वहरू विद्यमान रहेका हुन्छन् । निर्देशात्मक योजना मुख्य परिस्थितिजन्य चलहरू (Variables) लाई नियन्त्रणमा राखिने (न्यूनतम अनिश्चितता) अवस्था वा क्रियाकलापको क्षेत्रमा मात्र लागू गर्न सकिन्छ । अर्कोतर्फ अनिश्चितता कायम रहने अवस्था वा क्रियाकलापका क्षेत्रमा निर्माण हुने योजनालाई सांकेतिक योजना नै मानिनु पर्छ । निर्वाचन सञ्चालनको हकमा तात्कालिक वा मध्यावधिमा आन्तरिक विषय (व्यवस्थापन/बन्दोबस्ती) का सम्बन्धमा सङ्गठनको कार्यक्षेत्र भित्र कार्यान्वयन गरिने क्रियाकलापहरूको लागि निर्देशनात्मक योजना नै सफल हुन्छ । साथै, दीर्घकालको लागि लक्षित गरी राजनीतिक, सामाजिक, आर्थिक, पूर्वाधारजन्य, वित्तीय र अन्य अनपेक्षित तत्वहरू जस्ता परिस्थितिजन्य चलहरूप्रति बढी नै संवेदनशील हुने क्रियाकलापहरूका सम्बन्धमा सांकेतिक योजना नै उपयुक्त हुन्छ । प्रस्तुत रणनीतिक योजना २०७१/०७२ - २०७५/०७६ (२०१५-२०१९) पनि संभवतः यसको अपवाद छैन । कार्यान्वयनको समयमा क्रियाकलापको क्षेत्र एवं निर्दिष्ट लक्ष्यहरूका आधारमा निर्देशनात्मक र सांकेतिक दुवै तत्व हुनेछन् ।

माथि उल्लिखित सिद्धान्तकै आधारमा यसलाई एक खुला दस्तावेज मानी परिस्थितिजन्य परिवर्तन र अनुमान गर्न नसकिने कुराहरूलाई आत्मसात गर्न सक्ने मान्यता अनुरुप यो रणनीतिक योजना तयार पारिएको छ । यस सन्दर्भमा, यस दस्तावेजमा हाल कार्यान्वयन भइरहेका केही क्रियाकलापहरू (जस्तैः मतदाता दर्ता) का साथै कुनै खास अवस्थामा मात्र कार्यान्वयन गर्न सकिने (जस्तैः निर्वाचनको घोषणा गरिएपछि मात्र मतदाता सूचना अभियान सुरू हुने) क्रियाकलापहरूलाई समेत समेटिएको छ । योजना कार्यान्वयनका चरणमा परिस्थिति अनुकूल हुने गरी आवश्यकता परेको हदसम्म परिवर्तन गर्न सकिनेछ । अन्त्यमा, दुई वर्षीय कार्य योजनामा समावेश गरिएका क्रियाकलापहरूले समयसीमा र विषयवस्तुका आधारमा पनि विशिष्टता आत्मसात गरेका छन् । साथै, राजनीतिक, सङ्गठनात्मक र सामाजिक वातावरणमा आउने परिवर्तनले माग गरे बमोजिम यस योजनामा केही थप परिवर्तन तथा सान्दर्भिक समायोजन हुन सक्छ ।

योजना तर्जुमाको क्रममा रणनीतिक योजनाका लागि उपलब्ध अन्तर्राष्ट्रिय सामग्रीहरूको अध्ययन र नेपालसहित अन्य मुलुकहरूको निर्वाचनसम्बन्धी योजना निर्माणको अनुभव समेतको आधारमा  स्तरीय विधिको अवलम्बन गरिएको थियो ।

योजना निर्माण गर्न प्रारम्भिक छलफल, परामर्श र मस्यौदा तयारीका लागि २०७१ सालको वैशाखदेखि कार्तिक (May-November, 2014) सम्मको समय लागेको थियो। आयोगले निर्णय गरेबमोजिम माननीय निर्वाचन आयुक्तको संयोजकत्वमा रणनीतिक योजना तर्जुमा समिति र सो समिति मातहत एक कार्यदल समेत गठन गरिएको थियो ।

सो समितिले नै योजना निर्माणको सम्पूर्ण कार्यलाई निर्देशन र समन्वय गरेको थियो। योजना तर्जुमामा अन्तर्राष्ट्रिय विज्ञहरूको प्राविधिक सहयोग र परामर्श समेत प्राप्त भएको थियो । विभिन्न तहमा छलफल तथा गोष्ठी आयोजना गरी आयोगको सचिवालयका सबै कर्मचारीहरू समक्ष योजना निर्माण प्रक्रियाको प्रस्तुति गरिसकेपछि विभिन्न तहमा परामर्श गरियो । आयोगका पदाधिकारी एवं अन्तर्गत सबै तहका कर्मचारीहरूबाट सुझाव समेत संकलन गरियो । प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्तहरू, सचिव, सहसचिवहरू, उपसचिवहरु, अधिकृतस्तरका कर्मचारीहरु, ७५ जिल्लाका जिल्ला निर्वाचन अधिकारीहरू लगायत साझेदार संस्थाका प्रतिनिधिहरुको सहभागितामा पाँच दिने कार्यशाला गोष्ठी काठमाडौंको बुढानीलकण्ठमा सम्पन्न गरिएको थियो । तत्पश्चात, क्रमश: वाह्य सरोकारावालाहरू (सरकारी निकाय, अन्तर्राष्ट्रिय दातृनिकाय, प्राज्ञिक व्यक्ति, राजनीतिक दल र गैरसरकारी संस्था) र आयोगमा कार्यरत सहायक स्तरका कर्मचारीहरूसँग एक/एक दिवसीय कार्यशालाहरू समेत आयोजना गरिएको थियो । यस योजनालाई उत्कृष्ट एवं कार्यान्वयन योग्य बनाउनका लागि  आयोगका पूर्वपदाधिकारीहरू, राजनीतिक दल र निर्वाचनको पर्यवेक्षण गर्ने पर्यवेक्षण संस्थाहरूसँग समेत परामर्श गरी सुझाव संकलन गरिएको थियो ।

आयोगबाट स्वीकृत ढाँचा बमोजिम नै यस रणनीतिक योजनालाई सङ्गठनको दुरदृष्टि, लक्ष्य र मार्गदर्शक सिद्धान्तहरूको संक्षिप्त विवरणसहित तयार पारिएको छ। त्यसपछि आयोगको सवलपक्ष, दुर्वलपक्ष र अवसर तथा चुनौती (Strength, Weakness, Opportunities and Threats: SWOT) को विश्लेषणबाट प्राप्त निष्कर्षको सारांश राखिएको छ । अर्को खण्डमा आगामी वर्षहरूमा विचार गर्नुपर्ने भनी पहिल्याइएका रणनीतिक विषयहरू एवं लक्ष्यहरू राखिएको छ । त्यसपछिका खण्डहरूमा विभिन्न आधारस्तम्भ र लक्ष्यहरूसँग सम्बन्धित रणनीतिक क्रियाकलापहरूको चर्चा गरिएको छ । दस्तावेजको अन्तिम खण्डमा योजना

कार्यान्वयन गर्दाका बखत गरिने अनुगमन र मूल्याङ्कनको अवधारणा र कार्यविधिगत मार्गदर्शन उल्लेख गरिएको छ ।

यो दस्तावेज तयार गर्दा आयोगका पदाधिकारीहरू, कर्मचारीहरु, साझेदार संस्थाका प्रतिनिधिहरु, सरोकारावालाहरू, राजनीतिक दलहरू, नागरिक समाज, गैर सरकारी संघ/संस्था, सरकारी अधिकारी एवं दातृ निकायसँग गरिएको परामर्शबाट प्राप्त निष्कर्ष र सिफारिसहरूलाई छुटयाइएको छैन (सरोकारावालाहरूको पहिचानका लागि **परिशिष्ट २** हेर्नुहोस्) । परामर्शको क्रममा गरिएको तर्क र प्राप्त सिफारिसहरूमा दोहोरोपना र निरर्थकता हुन नदिई व्यवस्थित र एकीकृत गरी योजना तयार पारिएको छ ।

# आयोगको रणनीतिक आधार स्तम्भ

## दूरदृष्टि (Vision)

उत्कृष्ट निर्वाचन व्यवस्थापनका लागि आयोगलाई सक्षम निकायको रुपमा संस्थागत गर्ने ।

## अभियान (Mission)

संविधान निर्दिष्ट निर्वाचनलाई व्यावसायिक, कुशल, पारदर्शी र विश्वसनीय ढंगबाट सञ्चालन गर्ने ।

## मार्गदर्शक सिद्धान्तहरू (Guiding Principles)

### स्वायत्तता

स्वायत्तताका संरचनागत र व्यावहारिक गरी दुई पक्षहरू हुन्छन् । सस्थागत संरचनाको दृष्टिले निर्वाचन आयोग सरकारको कार्यकारी अङ्गबाट पृथक संविधान बमोजिम कार्यादेश प्राप्त एक स्वायत्त स्वशासित र अर्धन्यायिक संवैधानिक निकाय हो । साथै व्यावहारिक दृष्टिकोणबाट यसका कामकारवाहीहरू कार्यकारी निकाय, राजनीतिक दल वा हितग्राही व्यक्ति वा समूहहरूको हस्तक्षेपबिना सम्पादन हुने भएकोले आयोग स्वतन्त्र छ ।

### निष्पक्षता

निर्वाचन व्यवस्थापन गर्ने निकायले सार्वजनिक सेवाको रूपमा निर्वाचन सञ्चालन र व्यवस्थापनको कार्य गर्दछ । यस प्रक्रियामा जनताको अभिमत स्वतन्त्र रूपमा अभिव्यक्त हुनको लागि आवश्यक पर्ने अवस्था विद्यमान रहेको कुरा निर्वाचन व्यवस्थापन गर्ने निकायले सुनिश्चित गर्दछ । यसको अर्थ निर्वाचन गराउने निकायले निर्वाचनको प्रतिस्पर्धामा भाग लिएका प्रतिपर्स्धी राजनीतिक दल, उम्मेदवार, व्यक्ति वा तिनका समर्थकहरूको पक्ष वा विपक्ष नलिईकन र उनीहरूप्रति अनुचित व्यवहार नगरी निष्पक्ष रूपमा समान व्यवहार गर्नुपर्छ भन्ने हो र आयोगले पनि प्रत्येक मतदाता, राजनीतिक दल, उम्मेदवार र अन्य सरोकारवालापक्षलाई समान व्यवहार गर्दछ ।

**समावेशिता**

समावेशिताका दुई मुख्य आयामहरूले आयोगका कार्यहरूलाई निर्देशित गर्दछन् । प्रथमतः महिला, पिछडिएका क्षेत्र, सीमान्तकृत समूह, दलित र मधेसी समुदाय, अपाङ्गता भएका व्यक्तिहरूका साथै संविधानमा परिभाषित अन्य समुह एवं समुदायहरूको निर्वाचनमा सहभागिता सुनिश्चित गरिनेछ । यसका साथै आन्तरिक रूपमा आयोगको सांगठनिक स्वरुप तथा जनशक्ति व्यवस्थापन गर्ने आन्तरिक नीति समेत समावेशिताको सिद्धान्तबाट निर्देशित हुनेछ । यस अनुरुप आयोगको जनशक्ति व्यवस्थापनमा लैंगिक तथा सामाजिक समावेशीकरणलाई आत्मसात गरिनेछ ।

**पारदर्शिता**

आयोगले आफ्नो सम्पूर्ण काम कारवाही गर्दाको क्रममा मात्र पारदर्शी हुने होइन, जनताको नजरमा समेत पारदर्शी भएको देखिनु पर्दछ । पारदर्शिताको मुख्य सूचक आम सञ्चारका माध्यमहरू र अन्य माध्यममार्फत् सर्वसाधारणसँग नियमित सञ्चार गर्नु हो । त्यसरी सञ्चार गर्दा जनभावना सेवाग्राहीमैत्री कार्यविधिहरूको अवलम्बन गरिनेछ ।

**सेवा उन्मुखता**

लोकतान्त्रिक राज्यले प्रदान गर्ने आदर्श सार्वजानिक सेवाहरूमध्ये निर्वाचन सम्बद्ध सार्वजनिक सेवा समेत पर्ने भएकाले यससँग सम्बन्धित सार्वजनिक सेवाहरुलाई गुणस्तरीय र प्रभावकारी तुल्याउनका लागि आयोग र अन्तर्गतका सबै तहका संरचनाहरू मार्फत गुणस्तरीय सेवा छिटो र सहजै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । आयोगद्वारा घोषित परिणामले नै जनतामाझ वैधानिकता प्राप्ति गर्ने र यसरी निर्वाचित व्यक्तिहरुले नै संसद एवं सरकार मार्फत् मुलुकको शासन व्यवस्थामा सहभागिता जनाउने भएकोले वैधानिकताको आधार समेत निर्वाचन मार्फत् सुनिश्चित हुन्छ ।

**व्यावसायिक दक्षता**

आयोगले दक्ष, कुशल, विश्वस्त, उत्प्रेरित एवं व्यावसायिक रूपमा प्रतिबद्ध मानव संसाधनको विकास गरी आफ्नो व्यावसायिक दक्षता सुनिश्चित गर्नेछ ।

## जिम्मेवारी र जवाफदेहिता

जिम्मेवार र जवाफदेही बनेर आयोगले आफ्नो कर्तव्यहरू मात्र पूरा गर्दैन अपितु सम्बद्ध संस्थाहरू समक्ष सम्पादित कामको प्रतिवेदन सार्वजानिक गर्दछ र कार्यविधिगत रूपमा उत्कृष्टता हासिल गर्दछ ।

## सहभागितामूलक पद्धति

निर्वाचन सम्बन्धी कानुन एवं नीति तय गर्न र निर्वाचन सञ्चालनको कार्यलाई प्रभावकारी बनाउने काममा आयोगका अतिरिक्त विभिन्न सार्वजनिक संस्था र अन्य वाह्य सरोकारावालाहरू समेत संलग्न हुन्छन् । उदाहरणको लागि राजनीतिक दलहरू, सरकार, संसद, न्यायपालिका, सुरक्षा निकाय, गैरसरकारी संस्था तथा निजी व्यावसायिक फर्मसहितका अन्य वाह्य सरोकारवालाहरूसमेत यसमा सक्रिय हुन्छन् । आयोग निर्वाचन चक्रमा संलग्न सबै पक्षहरू निर्वाचनको सार्वजनिक सेवालाई वास्तविक लोकतान्त्रिक कार्यका रूपमा सफलतापूर्वक सम्पन्न गर्ने अभिप्रायले साझेदारको रूपमा सहभागितामूलक पद्धतिबाट कार्य गर्न उत्सुक हुन्छन् भन्ने कुरा सुनिश्चित गर्न चाहन्छ ।

## विश्वसनीयता

आयोगले आफ्नो प्रतिबद्धता र व्यावसायिक कार्यको माध्यमबाट एक विश्वास प्राप्त संस्थाको रूपमा नेपाली जनता एव अन्तर्राष्ट्रिय समुदायबाट मान्यता प्राप्त गर्नेछ ।

## लागत प्रभावकारिता

लागत प्रभावकारिता असल व्यवस्थापनको प्रमुख सिद्धान्त भएकोले कुनै पनि सङ्गठन र सार्वजनिक सेवा प्रदायकले यस्तो सिद्धान्त अपनाउनु पर्दछ । अन्य सार्वजनिक सेवा (शान्ति सुरक्षा व्यवस्था वा शिक्षा) जस्तै निर्वाचनलाई पनि सकेसम्म लागत प्रभावी रूपमा सञ्चालन गर्नु पर्दछ । लागत प्रभावकारिता भन्नाले लागत र लाभबीचको अनुपात बुझिन्छ । व्यावहारिक, यथार्थपरक र पारदर्शी रुपमा निर्णय गर्दा र त्यस्तो कार्यशैली अपनाउँदा लागत प्रभावकारिता हासिल गर्न मद्दत पुग्दछ । यस अर्थमा, कुनै पनि नीति परिवर्तन गर्नुपूर्व र तोकिएको कुनै क्रियाकलाप थालनी गर्नुपूर्व आयोगले लागत प्रभावकारितालाई ध्यान दिनेछ ।

### पूर्व क्रियाशीलता र नवप्रवर्तन

संस्थागत विकास, सङ्गठन संरचना र सेवा प्रवाहका सम्बन्धमा आयोगले आफू भित्रैको पूर्व क्रियाशीलता र नव प्रवर्तनमा जोड दिइरहनेछ। सबल तथा दुर्वल पक्ष, अवसर तथा चुनौती (SWOT) को विश्लेषणको माध्यमबाट सङ्गठनको मूल्याङ्कन गरिनेछ।

# सबलपक्ष, दुर्बलपक्ष, अवसर र चुनौतीहरू (Strengths, Weaknesses, Opportunities & Threats - SWOT) को विश्लेषण

पाँच दिने कार्याशालाको दौरानमा आयोगका अधिकृतस्तरका कर्मचारीहरुबाट समुहगत रुपमा संगठनको सबल एवं दुर्बल पक्ष तथा अवसर एवं चुनौतीको विश्लेषण गरिएको थियो । यसका अलावा आयोगका विभिन्न क्रियाकलापहरूमा आधारित पाँचवटा रणनीतिक स्तम्भहरू : संस्थागत विकास, सङ्गठन र क्षमता विकास; मतदाता दर्ता र निर्वाचन प्रविधि, निर्वाचन शिक्षा र सङ्गठनात्मक पहुँच एवं सामग्री व्यवस्थापन र निर्वाचन सञ्चालनमा केन्द्रित भई छलफल गरिएको थियो । संगठनको बारेमा गरिएको SWOT विश्लेषणको सारांश देहाय बमोजिम प्रस्तुत गरिएको छ । क्रियाकलापका स्तम्भ अनुसारको विश्लेषण **परिशिष्ट ३** मा दिइएको छ ।

## सबलपक्ष

- संवैधानिक रूपमा २०२३ सालमा स्थापना भएपछि फरक फरक परिस्थितिमा विभिन्न किसिमका निर्वाचनहरू गराएको कारण आयोगसँग लामो संस्थागत अनुभव रहेको,
- आयोगलाई स्वतन्त्र संवैधानिक निकायको मान्यता प्राप्त भएको,
- निर्वाचन व्यवस्थापनमा आयोगले खेलेको निष्पक्ष भूमिकाको कारण राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दुवै तहमा विश्वसनीयता आर्जन गर्न सफल भएको,
- अन्तर्राष्ट्रिय विकास साझेदार एवं सहयोगी निकायबाट निर्वाचन व्यवस्थापनका लागि प्रभावकारी सहयोग र समन्वय भएको,
- कार्यसञ्चालनको लागि केन्द्रीय तहमा आयोग, सचिवालय र जिल्ला तहमा जिल्ला निर्वाचन कार्यालयहरु मार्फत् मुलुकभर आयोगको उपस्थिति रहेको कारण निर्वाचनसम्बन्धी कार्य देशव्यापी रूपमा सञ्चालन गर्न सहज भएको,
- आयोगमा अनुभव प्राप्त र व्यावसायिक रूपमा सक्षम मानव संसाधन रहेको कारण अन्तर्राष्ट्रिय मापदण्डबमोजिम निर्वाचन सञ्चालन र व्यवस्थापनको योजना तर्जुमा, क्रियाकलापको निर्धारण र कार्यान्वयन गर्न सक्षम रहेको,

- प्रविधीमैत्री कार्यसम्पादन प्रणाली लागि सञ्चारको आधुनिक प्रविधिको अधिकाधिक प्रयोग गरी कार्य सम्पादन गरिने गरेको,
- निर्वाचनका विधि, प्रक्रिया, सहभागिता एवं उपस्थितिमा लैंगिक तथा सामाजिक समावेशीकरणलाई जोड दिइएको ।

**दुर्बलपक्ष**

- पहिलो रणनीतिक योजनाका केही लक्ष्यहरू अलि बढी महत्वाकांक्षी भएका कारण उक्त योजनाका सबै क्रियाकलापहरूलाई आयोगको वार्षिक क्रियाकलापँग आवद्ध गर्न नसकिएको,
- धेरै जिल्लामा आयोगको आफ्नै कार्यालयको पूर्वाधार नहुँदा कतिपय क्रियाकलापहरू संचालनमा कठिनाई महसुस हुने गरेको,
- सुरूमा तय गरिएका क्रियाकलाप सम्पन्न गर्न नसकिने अवस्थामा वैकल्पिक कार्यक्रमको अभाव भएको,
- आयोग र अन्तर्गतका कार्यालयहरुबीच समन्वयको कमी देखिएको,
- संस्थागत स्मरण अभावका कारण अभिलेखको उचित व्यवस्थापन हुन नसकेको,
- निर्वाचनको कार्यमा संलग्न विशिष्ट ज्ञान, सीप, अनुभव र क्षमता भएका कर्मचारीहरूलाई संस्थाभित्र टिकाई राख्ने रिटेन्सन योजना र नीतिको अभाव खट्किएको,
- आयोगलाई वित्तीय स्वायत्तता नभएका कारण स-साना कार्यक्रमहरू गर्नका लागि पनि विकास साझेदार माथि निर्भर हुनुपरेको,
- मुलुक भित्र र बाहिर रहेका अनुपस्थित मतदाताहरूको मताधिकारको व्यवस्थापन गर्न नसकिएको,
- दण्ड र पुरस्कार प्रणाली कार्यान्वयन गर्न स्पष्ट तथा पारदर्शी कार्यविधिको अभावका साथै कर्मचारीहरूलाई गैरमौद्रिक प्रोत्साहन दिन नसकिएको,
- सञ्चार माध्यमको प्रभावकारी संलग्नताका बारेमा स्पष्ट योजनाको कमी रहेको,
- अनुगमन एवं मूल्याङ्कन सूचक र कार्यसम्पादन मापन आधार प्रणालीमा आधारित नभएको ।

## अवसरहरू

- निर्वाचनको महत्व र मूल्यको बारेमा जनचासो र सरोकार बढ्दै गएको, जसको प्रमाणको रुपमा अर्को संविधानसभा सदस्यको निर्वाचनमा अत्यधिक मतदाता सहभागिता रहेको,
- निर्वाचनप्रति राजनीतिक दलहरूको प्रतिबद्धता क्रमशः बढिरहेको,
- संविधान निर्माण पश्चात् विभिन्न विषयहरूलाई सम्बोधन गर्ने नयाँ संवैधानिक प्रावधानहरू सहितको आयोगको सङ्गठनात्मक र कार्य क्षेत्रहरूमा पुनर्संरचना हुनसक्ने अवस्था विद्यमान रहेको,
- संविधानसभा सदस्यका दुई वटा सफल निर्वाचन पश्चात् प्राप्त भएको विश्वसनीयताबाट आयोगको सांगठनिक तथा निर्वाचन प्रक्रियामा सुधार ल्याउन नवीनतम प्रविधिहरूको प्रयोगमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्रोत प्राप्त गर्न सकिने अवस्था रहेको,
- नयाँ प्रविधिहरूको प्रयोगबाट आम मतदाता एवं अन्य सरोकारवालाहरुलाई छिटो छरितो रूपमा सेवा प्रदान गर्न सक्ने अवस्था रहेको,
- आयोगले संकलन गरेको बायोमेट्रिक मतदाता नामावलीमा समावेश मतदाता विवरणबाट राष्ट्रिय परिचयपत्र बनाउन प्रयोग गर्न सकिने अवस्था रहेको,
- विद्युतीय मतदान उपकरणको प्रयोगबाट बदर मत शुन्य हुने, मतगणनाको गुणस्तर र शुद्धता बढ्ने तथा मतपेटिकामा हुने निर्वाचनसम्बन्धी कठिनाईहरु न्यून हुने संभावना रहेको,
- तालीम, अध्ययन भ्रमण तथा अवलोकनको अवसरबाट कर्मचारीको क्षमता विकास हुने,
- दक्षिण एसियाली निर्वाचन व्यवस्थापन निकायहरूको मञ्च (फेम्बोसा) र अन्य एसियाली निर्वाचन व्यवस्थापन निकायहरुसँगको सहकार्यबाट आयोगको व्यावसायिकतामा वृद्धि हुनुका साथै आयोग र मुलुकको प्रतिष्ठामा समेत वृद्धि हुने ।

## चुनौतीहरू

- जनतामा निर्वाचनप्रति बढ्नसक्ने वितृष्णा वा नैराश्यता,

- राजनीतिक दलहरूको निर्वाचनप्रतिको प्रतिबद्धता र आयोगसँगको सहयोग, समन्वय र सहकार्य,
- संविधान निर्माणपछि सो अनुकूल आयोगको संरचनामा गर्नुपर्ने समसामयिक सुधार,
- आवधिक निर्वाचनको प्रावधानलाई संवैधानिक एवं कानुनी रूपमा व्यवस्था गर्ने,
- आयोगले आफ्नो काम सम्पादनको लागि आवश्यक पर्ने सामग्री, मानव संसाधन, वित्तीय श्रोतको लागि सरकारमाथि निर्भर हुनुपर्ने अवस्था,
- निर्वाचन बाहेकका समयमा गरिने क्रियाकलापका लागि आवश्यक वित्तीय स्रोतको प्राप्त,
- दाताहरुको सहयोग माथिको बढ्दो निर्भरता जसबाट कुनै पनि क्रियाकलापको दिगोपनामा प्रतिकूल असर नपर्ने,
- कर्मचारी संयन्त्रमा हुने छिटोछिटो परिवर्तन, जसले आयोगको प्रभावकारिता र कार्यकुशलतामा नकारात्मक असर पर्ने,
- कर्मचारीहरू नयाँ प्रविधिको उपयोगप्रति अभ्यस्त हुन कठिनाई,
- निर्वाचनसम्बन्धी कार्यमा मुलुकको भौगोलिक, सामाजिक, जातीय, सांस्कृतिक तथा धार्मिक विविधताको व्यवस्थापन गर्ने,
- मुलुकबाहिर मतदाता दर्ताका लागि समयमै आवश्यक कानुनी प्रबन्ध गर्नुपर्ने,
- आयोगका विद्युतीय सूचनाहरु ह्याकिङ हुनसक्ने ।

# रणनीतिक सवाल तथा लक्ष्यहरूको पहिचान

## रणनीतिक सवालहरू

रणनीतिक सवालहरूलाई पाँच वटा रणनीतिक स्तम्भहरूमा समूहकृत गरी प्रत्येक रणनीतिक स्तम्भअनुसार क्रियाकलापहरुको पहिचान गरिएको छ । सोही अनुसार आयोगका क्रियाकलापलाई कार्यक्रममा ढाली कार्यान्वयन गरिने सोच बनाइएको छ । तदनुसार प्रत्येक स्तम्भ अन्तर्गत देहायका विषयक्षेत्रहरू पहिचान गरिएका छन्:

**स्तम्भ १ : संस्थागत विकास**

**विषय क्षेत्र :**

आयोगको संस्थागत सुधारः नयाँ संविधानको सन्दर्भमा राज्यको स्वरूप (एकात्मक वा संघीय) र सरकारको प्रकार (संसदीय, राष्ट्रपतीय वा मिश्रित) का आधारमा आयोगको संरचनागत सुधार पर्ने हुन सक्छ ।

**विषय क्षेत्र :**

**क) आयोगको संस्थागत सुदढीकरण**

- नयाँ संवैधानिक व्यवस्थाका आधारमा आयोगको संगठन संरचनामा परिवर्तन,
- नयाँ संवैधानिक व्यवस्थाका आधारमा आयोगको संवैधानिक अधिकार, दायित्व र जवाफदेहिता,
- आयोग र सचिवालय तथा सचिवालय र जिल्ला निर्वाचन कार्यालयहरुबीचको कार्यगत सम्बन्ध र समन्वय ।

**ख) रणनीतिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन/मूल्याङ्कन**

- धेरै तहमा गरिने योजना तर्जुमालाई संगठनात्मक संस्कृति र अभ्यासको रुपमा विकास गर्ने,
- वार्षिक कार्य योजना र एकीकृत वार्षिक कार्यतालिका तयार गर्ने ।

**ग) निर्वाचनसम्बन्धी कानुनी प्रारुप**

- छरिएर रहेका निर्वाचनसम्बन्धी कानुनहरुलाई एकीकृत गर्ने,
- राजनीतिकदल व्यवस्थापन सम्बन्धी एकीकृत कानुन निर्माण गर्ने,
- निर्वाचनसम्बन्धी विषयमा उजुरी, सुनुवाइ र विवाद निरुपण प्रक्रिया र संयन्त्रलाई सरलीकरण गर्ने ।

**घ) आयोगका क्रियाकलापहरुलाई स्वचालित (Automation) प्रणालीमा आधारित बनाउने**

- आयोगको दैनिक कार्य संचालनलाई कम कागज प्रयोग गर्ने प्रणालीमा आधिारित बनाउदै कार्यलाई सरलीकरण र स्वचालित बनाउने,
- आवश्यकतानुसार सूचना प्रविधीको प्रयोग र कार्यान्वयन गर्ने ।

**स्तम्भ २ : संङ्गठन तथा क्षमता विकास**

**विषय क्षेत्र :**

**क) पूर्वाधार विकास**

- जिल्ला निर्वाचन कार्यालयहरुको लागि जग्गा प्राप्ति,
- जिल्ला निर्वाचन कार्यालयहरुको भवन निर्माण तथा मर्मत संभार ।

**ख) मानव स्रोत विकास**

- सचिवालय र जिल्लामा काम गर्ने कर्मचारीहरूसम्बन्धी नीतिगत स्पष्टता गर्ने,
- कर्मचारीहरूलाई तालीम र अन्तर्राष्ट्रिय अध्ययन, भ्रमणको अवसर सिर्जना गर्ने,
- मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन दिने ।

**ग) सञ्चार माध्यम र सञ्चार**

**घ) कर्मचारीहरूमा लैङ्गिक मूलप्रवाहीकरण**

## स्तम्भ ३ : मतदाता दर्ता र निर्वाचन प्रविधि

**विषय क्षेत्र :**

**क) मतदाता दर्ता**

- मतदाता दर्ता निरन्तर रूपमा गर्ने,
- मतदाता नामावलीलाई नियमित रूपमा अद्यावधिक गर्ने (नयाँ मतदाता दर्ता तथा अद्यावधिक),
- लक्षित समूहमा आधारित मतदाता दर्ता (युवा, ग्रामीण बस्ती, महिला दलित र सीमान्तकृत समुदाय) गर्ने,
- मतदाता दर्ता कार्यलाई विकेन्द्रीकरण गर्ने,
- मतदाता दर्तामा हुने विवाद निरूपण प्रक्रियालाई सामन्जस्यपूर्ण तथा व्यवस्थित बनाउने,
- मतदाता दर्ता विवरण फाराम व्यवस्थापनको लागि उपयुक्त नीति बनाउने,
- मतदाता नामावलीमा रहेका दोहोरोपना हटाउने,
- मतदाताको गोपनीयताको संरक्षण गर्ने,
- मुलुक बाहिर रहेका मतदाताको दर्ता तथा मतदान व्यवस्था प्रारम्भ गर्ने,
- मतदाता पहिचानका लागि विद्युतीय प्रणाली/मतदाता परिचयपत्र तयार पार्ने,
- प्रविधिको प्रयोग बढाउने ।

**ख) राजनीतिक दल दर्ता**

- राजनीतिक दल वा उम्मेदवारको समर्थक मतदाताको हस्ताक्षरको पहिचान र जाँच गर्ने,
- राजनीतिक दल दर्ता प्रक्रियालाई विकेन्द्रित, व्यवस्थित र प्रविधिको प्रयोग मार्फत स्वचालित बनाउने ।

## स्तम्भ ४ : निर्वाचन शिक्षा र संगठनात्मक पहुँच (Outreach)

**विषय क्षेत्र :**

**क) मतदाता शिक्षा र सूचना**

- विधि, कार्यशैली, प्रक्रिया तथा अपेक्षित परिणाम निश्चित गर्ने,

- उपयुक्त प्रशिक्षण सामग्री र प्रविधिको प्रयोग गर्ने,
- लक्षित समूहहरू खासगरी विपन्न र सीमान्तकृत मतदातामा कार्यक्रम केन्द्रित गर्ने ।

**ख) निर्वाचन शिक्षा तथा सूचना केन्द्रको सबलीकरण र विस्तार**

- सूचना केन्द्रको सांगठनिक संरचना पुनरावलोकन गर्ने,
- सूचना केन्द्रको क्षेत्रीयस्तरमा विस्तार गर्ने (मुलुकभित्र),
- निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्तरोन्नति गर्ने,
- निर्वाचन शिक्षा तथा सूचना केन्द्रलाई दक्षिण एसियाली क्षेत्रमा लोकतन्त्र र निर्वाचनका विषयमा अध्ययन अनुसन्धान गर्ने संस्थाका रुपमा विकास गर्ने ।

**ग) मतदाता तथा कर्मचारीहरुको लैङ्गिक मूलप्रवाहीकरण**

**घ) निर्वाचन प्रणालीमा समावेशीकरण (दलित, मधेसी र सीमान्तकृत समुदाय आदि)**

**ङ) अपाङ्गता भएका व्यक्तिलाई मतदानमा सहयोग**

**च) सरोकारवालाहरूसँगको सम्बन्ध**

**स्तम्भ ५ : सामग्री व्यवस्थापन र निर्वाचन सञ्चालन**

**विषय क्षेत्र :**

**क) निर्वाचन सामग्री व्यवस्थापन**

**ख) निर्वाचन कार्यसञ्चालन योजना**

**ग) निर्वाचन सुरक्षा र जोखिम व्यवस्थापन**

**घ) मतदानस्थल एवं मतदानकेन्द्रहरूको स्तरोन्नति**

**ङ) वैकल्पिक मतदान व्यवस्था (पूर्व मतदान, घुम्ती मतदान)**

**च) निर्वाचन सञ्चालनसँग सम्बन्धित अन्य संस्थाहरूसँगको समन्वय ।**

## रणनीतिक लक्ष्यहरू

पाँच वटा रणनीतिक स्तम्भहरू भित्रै रहेर १७ वटा रणनीतिक लक्ष्यहरू परिभाषित गरिएका छन् । यसैका आधारमा आयोगका क्रियाकलापहरू तय गरिएका छन् र कार्यान्वयन पनि हुनेछन् । रणनीतिक लक्ष्यहरूले योजना अन्तर्गतका क्रियाकलापहरू कार्यान्वयन भइसकेपछि आयोगले प्राप्त गर्न चाहेको अवस्थालाई प्राप्त  गर्न सक्षम हुनेछन् ।

**स्तम्भ १ : संस्थागत विकास**

लक्ष्य  १ : आयोगको संस्थागत क्षमता सुदृढ गर्ने,
लक्ष्य  २ : योजना प्रक्रियालाई सुदृढ तुल्याउने,
लक्ष्य  ३ : नयाँ संविधानसँग अनुकूल हुने गरी निर्वाचनसम्बन्धी कानुनमा सुधार गर्ने।

**स्तम्भ २ : सङ्गठन र क्षमता विकास**

लक्ष्य  ४ : जिल्ला निर्वाचन कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्ने,
लक्ष्य  ५ : आयोगको मानव संसाधनको क्षमता अभिवृद्धि गर्ने,
लक्ष्य  ६ : सञ्चार माध्यमसँगको संलग्नता सुदृढ तुल्याउने ।

**स्तम्भ ३ : दर्ता र निर्वाचन प्रविधि**

लक्ष्य  ७ : योग्य मतदाताहरूको दर्ता सुनिश्चित गर्ने,
लक्ष्य  ८ : राजनीतिक दलको दर्तालाई कुशलतापूर्वक नियमन र व्यवस्थित गर्ने,
लक्ष्य  ९ : सूचना प्रविधिको प्रयोग गरी निर्वाचन व्यवस्थापनमा सुधार गर्ने ।

**स्तम्भ ४ : निर्वाचन शिक्षा र सङ्गठनात्मक पहुँच**

लक्ष्य १० : मतदाता शिक्षा सुधार गर्ने ।
लक्ष्य ११ : निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्तरोन्नति गर्ने,
लक्ष्य १२ : निर्वाचनसम्बन्धी अनुसन्धान गर्ने संस्था स्थापना गर्ने,
लक्ष्य १३ : सबै तहको निर्वाचन व्यवस्थापनमा लैङ्गिक एवं समावेशिता (Gender and Inclusion) सुनिश्चित गर्ने,
लक्ष्य १४ : निर्वाचनसँग सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय र साझेदारीलाई सुदृढ गर्ने ।

**स्तम्भ ५ : सामग्री व्यवस्थापन र निर्वाचन सञ्चालन**

लक्ष्य १५ : मतदाता र निर्वाचन अधिकारीमैत्री निर्वाचन सञ्चालन गर्ने,

लक्ष्य १६ : सामग्री व्यवस्थापन कुशलतापूर्वक गर्ने,

लक्ष्य १७ : निर्वाचन जोखिम व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने ।

# दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

२०७१/०७२ - २०७५/०७६ (सन् २०१५ - २०१९)

# दोस्रो पञ्चवर्षीय रणनीतिक योजना

२०७१/०७२ - २०७५/०७६ (२०१५-२०१९)

## मुख्य क्रियाकलापहरू

पाँच वटा रणनीतिक स्तम्भमध्ये प्रत्येक स्तम्भ अन्तर्गतका काम कारवाहीहरूको योजना तथा कार्यान्वयन गर्ने सिलसिलामा प्राथमिकता प्राप्त मुख्य क्रियाकलापहरू र रणनीतिक स्तम्भसँग सम्बन्धित रणनीतिक लक्ष्यहरूको व्याख्या यस खण्डमा गरिएको छ ।

पाँच वटा रणनीतिक स्तम्भका आधारमा आयोगको कार्य सञ्चालनलाई संगठित गरिएको छ । पहिलो दुई वर्ष, २०७१/०७२-२०७२/०७३ (सन् २०१५-२०१६) र पछिल्लो तीन वर्ष २०७३/०७४-२०७५/०७६ (२०१७-२०१९) मा कार्यान्वयन गरिने हरेक क्रियाकलापको लागि आयोगका जिम्मेवार अधिकारी, अनुमानित लागत, रकमको स्रोत र सोलाई कार्यान्वयन गर्न लाग्ने अपेक्षित समय उल्लेख गरिएको छ । क्रियाकलापहरूलाई प्राथमिकताको आधारमा पहिलो, दोस्रो र तेस्रो गरी प्राथमिकीकरण गरिएको छ । प्राथमिकीकरणको मूल आधार क्रियाकलाप विशेषको आफ्नै महत्व भन्दा पनि विद्यामान राजनीतिक वातावरण, समय, उपलब्ध मानव र वित्तीय स्रोतका आधारमा गरिएको छ ।

बदलिँदो संवैधानिक एवं राजनीतिक वातावरणका साथै प्राविधिक आवश्यकताका कारण दुई वर्षीय कार्य योजनाभित्र निर्दिष्ट क्रियाकलापहरूमा विशेष जोड दिनु आवश्यक ठानिएको छ । पहिलो दुई वर्षका क्रियाकलापहरूको अनुगमन र मूल्याङ्कनबाट पछिल्ला तीन वर्षका लागि तय गरिएका क्रियाकलापहरूलाई ठोस रूप दिन र परिष्कृत गर्न सघाउ पुग्नेछ ।

समग्र पाँच वर्षीय अवधिका लागि तोकिएका सबै क्रियाकलापहरूलाई माथि उल्लेखित विभिन्न मापदण्डको आधारमा समावेश गरी वर्गीकृत गरिएको छ । तालिकामा प्रयोग भएका संकेतको अर्थ तालिकाको अन्त्यमा दिइएको छ ।

तालिका - १

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| **स्तम्भ १: निर्वाचन आयोगको संस्थागत विकास** | | | | | | | |
| **लक्ष्य १: संस्थागत क्षमता सुदृढ गर्ने** | | | | | | | |
| आयोगको कार्यसंचालनमा पूर्ण स्वायत्तता र स्वतन्त्रता सुनिश्चित गर्न प्रयास गर्ने (जस्तैः कानुनमा सुधार, नयाँ संविधानमा निर्वाचन मिति तोक्ने, आवश्यक जनशक्ति तथा वित्तीय श्रोत व्यवस्था गर्ने आदि)। | १ | आयोग र सचिवालय | १ | X | | ० | रा व |
| आवश्यकता अनुसार आयोगको संरचना नयाँ संविधान अनुकूल बनाउने। | १ | आयोग र कानुन शाखा | -१/४ | X | | ० | रा व |
| संगठनात्मक नीति र मार्गदर्शनमा लैंगिक तथा समावेशीकरण नीतिलाई मूल प्रवाहीकरण गर्ने। | १ | आयोग र सचिवालय | -१/४ | X | | ० | रा व |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| आयोगको निर्णय प्रक्रियालाई सरल, थप पारदर्शी, सहभागितामूलक र जवाफदेही बनाउन मानकहरू तयार गर्ने । | २ | आयोग र सचिवालय | -१/४ | X | | ० | रा व |
| प्रतिवेदन तयार पार्ने, अभिलेख फाइलिङ्ग गर्ने, सम्बद्ध शीर्षकहरूमा आधारभूत अनुसन्धान गर्ने कार्यलाई सुव्यवस्थित गरी संस्थागत स्मरण संयन्त्रलाई सुधार गर्ने । | १ | प्रशासन र योजना अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा | १/२ | X | | १/१० | रा व +दा |
| **लक्ष्य २ः योजना प्रक्रियालाई सुदृढ तुल्याउने** | | | | | | | |
| परिष्कृत पद्धति र विधिको माध्मबाट नतिजा प्रभाव व्यवस्थापनमा सहयोग पुग्ने गरी योजना अनुगमन तथा वैदेशिक सम्बन्ध शाखाको क्षमता अभिवृद्धि गर्ने । | २ | योजना अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा | १ | X | | १/२० | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| योजना प्रक्रियालाई यथार्थपरक बनाउन तथ्याङकीय आधार तयार गर्ने (जी.आई) र फरक क्षमता भएका व्यक्तिहरूको खण्डीकृत तथ्याङ्क समेत) | ३ | तथ्यांक तथा सर्वेक्षण शाखा | + २ | | X | १/२० | रा व+ दा |
| आयोगबाट संचालन हुने योजना र वार्षिक क्रियाकलापलाई रणनीतिक योजनासँग तालमेल गराउन योजना निर्माणसम्बन्धी निर्देशिकाहरू तयार गर्ने । | १ | कानुन र योजना अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा | १/४ | X | | ० | रा व |
| राष्ट्रिय योजना आयोगको अनुगमन र मूल्याङ्कन कार्यविधिका आधारमा अनुगमन तथा मूल्याङ्कनको एकीकृत कार्यविधि तयार गर्ने । | १ | योजना अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा | + २ | X | | १/२० | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| **लक्ष्य ३: नयाँ संविधानसँग अनुकूल हुने गरी निर्वाचन सम्बन्धी कानुन सुधार गर्ने** | | | | | | | |
| आवश्यकता अनुरुप संविधान बमोजिम निर्वाचन प्रणाली तथा प्रक्रियालाई सुधार गर्नको लागि योगदान गर्ने | १ | प्रशासन र कानुन शाखा | १/४ | X | | १/२० | रा व +दा |
| निर्वाचन सम्बन्धी एकीकृत कानुनको मस्यौदा तयार गर्ने र स्वीकृतिको लागि संसदसमक्ष पेश गर्ने । | २ | कानुन शाखा | १ | X | | १/१० | रा व +दा |
| मतपत्र मा “माथिका मध्ये कसैलाई पनि मत नदिएको (नोटा)” भन्ने व्यवस्था समावेश गर्न आवश्यक काम गर्ने | २ | कानुन शाखा | -१/४ | X | | ० | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा ०७१/७२-०७२/७३ | समय सीमा ०७३/७४-०७५/७६ | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| निर्वाचन विवाद निरूपण सम्बन्धी कानुनी प्रावधानको पुनरावलोकन गरी प्रभावकारिता वृद्धि गर्ने | २ | कानुन र राजनीतिक दल सम्बन्ध शाखा | २ | X | | १/२० | रा व +दा |
| **स्तम्भ २: सङ्गठन र क्षमता विकास** | | | | | | | |
| **लक्ष्य ४: जिल्ला निर्वाचन कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्ने** | | | | | | | |
| सबै जिल्लाहरूमा जग्गा प्राप्ति गर्ने र भवन निर्माण गर्ने कार्यको लागि लाग्ने वित्तीय तथा संचालन लागत/लाभको अध्ययन गर्ने<br>(दश वटा जिल्लाहरूमा भवन निर्माणको लागि जग्गा प्राप्त भएको छ) | २ | आर्थिक प्रशासन शाखा | २ | X | | १/१० | रा व |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| आवश्यकता अनुसार कार्यालयका लागि जग्गा प्राप्ती गर्ने, भवन निर्माण र सुधार गर्ने । | २ | प्रशासन र आर्थिक प्रशासन शाखा | २ | X | X | +१ | रा व |
| नयाँ पूर्वाधार निर्माणको लागि सरकार, स्थानीय निकाय र विकास साझेदारहरूबाट समन्वयात्मक रुपमा सहयोग प्राप्त गर्ने । | २ | प्रशासन शाखा | +२ | X | X | १/१० | रा व +दा |
| भौगोलिक विविधता, जग्गाको आकार र निर्वाचन क्षेत्र संख्याको आधारमा जिल्ला निर्वाचन कार्यालय भवनको संरचना डिजाइन गर्ने । | ३ | प्रशासन शाखा | +२ | X | X | ० | रा व |
| **लक्ष्य ५: मानव संसाधनको क्षमता वृद्धि गर्ने** | | | | | | | |
| सबै तहका कर्मचारीहरूको कार्यविवरण तयार गरी सम्बन्धित कर्मचारीलाई दिने | १ | प्रशासन शाखा | १/२ | X | X | ० | रा व |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| आयोगको काममा व्यावसायिकता अभिवृद्धि गर्न र कर्मचारीको स्थायित्व सुनिश्चित गर्न कर्मचारी रिटेन्सन नीति तयार गर्ने , (लोक सेवा आयोग र सामान्य प्रशासन मन्त्रालयसँग संयुक्त प्रयास आवश्यक पर्ने) | २ | सचिवालय, प्रशासन र कानुन शाखा | २ | X | X | १/१० | रा व +दा |
| कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र अन्य दुर्व्यवहार जस्ता संवेदनशील विषयहरू समेत समेटी कर्मचारीको आचार संहिता पुनरावलोकन गर्ने र कार्यान्वयन गर्ने | २ | सचिवालय र प्रशासन शाखा | -१/४ | X | | ० | रा व |
| आयोगमा कार्यरत हरेक कर्मचारीलाई प्रत्येक वर्ष कम्तिमा एउटा आन्तरिक वा अन्तर्राष्ट्रिय तालीम उपलब्ध गराउने | २ | निशिसूके | +२ | X | X | १/४ | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा |  | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
|  |  |  |  | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ |  |  |
| लैंगिक तथा समावेशीकरण, निर्वाचन विवाद निरूपण, निर्वाचन परिणामको विद्युतीय सम्प्रेषण, मुलुक बाहिर रहेका मतदाताको मतदान, सञ्चार माध्यम अनुगमन, सुरक्षा जोखिम न्युनिकरण, भौगोलिक सूचना प्रणाली (जि.आई. एस.) आदि जस्ता नविनतम विषयहरूमा केन्द्रित गरी सम्बद्ध कर्मचारीलाई अन्तर्राष्ट्रिय तालिम, अध्ययन/अवलोकन र कार्यशालामा सहभागी गराउने । | २ | सचिवालय र योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा | २ | X | X | १/२ | दा |
| बढुवा, पुरस्कार, विभुषण, वर्षको उत्कृष्ट कर्मचारी आदि जस्ता कर्मचारीको मनोबल बढाउने प्रोत्साहनहरू प्रदान गर्ने | ३ | प्रशासन शाखा | +२ | X | X | १/२० | रा व +दा |
| वैदेशिक मनोनयनको लागि छनौट गर्ने वस्तुगत र पारदर्शी आधारहरू | २ | प्रशासन र योजना, अनुगमन तथा | +१/४ | X |  | ० | रा व |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| (लैंगिक तथा समावेशीकरण समेत पर्ने गरी) निर्धारण गर्ने | | वैदेशिक सम्बन्ध शाखा | | | | | |
| आयोगमा कार्यरत सबै जनशक्तिको क्षमता अभिवृद्धि हुने गरी आयोग र सचिवालयबीचको आन्तरिक सञ्चार प्रणालीलाई सुधार गर्ने । | ३ | प्रशासन शाखा | +२ | | X | ० | रा व |
| अनुभव आदान प्रदान गर्नको लागि अन्तरजिल्ला भ्रमणको आयोजना गर्ने । | ३ | प्रशासन शाखा | +२ | | X | १/१० | रा व +दा |
| निर्वाचन आयोगका विभिन्न समिति, निर्वाचन शिक्षा तथा सूचना केन्द्र, लोकतन्त्र र निर्वाचनका लागि दक्षिण एसियाली अध्ययन केन्द्र (SAIDES) बाट गरिएका अध्ययन तथा अनुसन्धानको निष्कर्षलाई आयोगबाट सम्पादन हुने कार्यहरुमा समावेश गर्ने | १ | सचिवालय | +१ | X | X | ० | रा व |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| **लक्ष्य ६: सञ्चार माध्यमसँगको सहकार्य सुदृढ गर्ने** | | | | | | | |
| निर्वाचनको विषय हेर्ने सञ्चारकर्मीहरुको लागि निर्वाचन अघि निर्वाचन आयोग र निर्वाचनसम्बन्धी क्षमता विकास कार्यशाला गर्ने | १ | निशिसूके | -१/४ | X | X | १/२० | रा व +दा |
| प्रभावकारी प्रेस कार्यालय संचालन गर्न म्यानुअल तयार गर्ने (दक्षिण एशियाली क्षेत्रमा निर्वाचन व्यवस्थापन निकायहरुमा समेत प्रयोग हुनसक्ने) | १ | निशिसूके | १/२ | X | | १/५ | रा व +दा |
| पूर्व सूचनामा आधारित भएर निर्णय गर्न र सञ्चार माध्यमसँग सञ्चार सम्पर्क बलियो पार्नको लागि विषयवस्तु विश्लेषण (कन्टेन्ट एनालाइसिस) पद्धतिमा आधारित भरपर्दो | १ | निशिसूके | १/४ | X | | १/१० | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| प्रणालीको रूपमा सञ्चार अनुगमन संयन्त्र खडा गर्ने | | | | | | | |
| सञ्चार माध्यम अनुगमन म्यानुअल तयार गर्ने (दक्षिण एशियाली क्षेत्रका निर्वाचन व्यवस्थापन निकायहरुले समेत प्रयोग गर्न सक्ने) | १ | निशिसूके | १/४ | X | | १/१० | रा व +दा |
| निर्वाचनसम्बन्धी अवधारणा, र रिपोर्टिङ्ग एवं प्रचारप्रसारको लागि निर्वाचन हाते पुस्तिका तयार गर्ने (दक्षिण एशियाली क्षेत्रमा समेत प्रयोग गर्न सकिने) | ३ | निशिसूके | १/२ | | X | १/५ | रा व +दा |
| **स्तम्भ ३ः मतदाता दर्ता र निर्वाचन प्रविधि** | | | | | | | |
| **लक्ष्य ७ः सबै योग्य मतदाताको नाम दर्ता निरन्तर रूपमा हुने कुरा सुनिश्चित गर्ने** | | | | | | | |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| एकीकृत मतदाता दर्ता निर्देशिका बनाउने | १ | कानुन शाखा | १/२ | X | | ० | रा व |
| सन् २०१६ को अन्तसम्म (विं सं. २०७३ को मध्यसम्म) मा मुलुक भित्रका मतदाता हुन योग्य सबै व्यक्तिको नाम दर्ता गर्ने (प्रति वर्ष करिब ८००,००० मतदाता दर्ता गर्ने) | १ | मतदाता नामावली, सूचना प्रविधि र सूचना प्रणाली व्यवस्थापन शाखा | २ | X | | १/४ | रा व +दा |
| सन् २०१५ को अन्तसम्ममा सुरक्षण प्रविधीसहितको नयाँ मतदाता परिचयपत्र तयारी तथा वितरण शुरु गर्ने | १ | मतदाता नामावली र सूचना प्रविधि संचालन शाखा | १ | X | X | +१ | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| दर्ता संभाव्यताका आधारमा नेपालीहरुको सघन उपस्थिति रहेका शहरहरुलाई केन्द्रित गरी परीक्षणको रूपमा विदेशमा रहेका मतदाताको दर्ता प्रारम्भ गर्ने (उदाहरणको लागि : सियोल, क्वालालम्पुर, दोहा र दुवई आदि) | १ | मतदाता नामावली शाखा | १/२ | X | | १/१० | रा व |
| **लक्ष्य ८: राजनीतिकदल दर्ता कार्यलाई प्रभावकारी र व्यवस्थित गर्ने** | | | | | | | |
| जिल्लास्तरमा राजनीतिकदल दर्ता अनिवार्य गर्ने र तिनीहरुको विवरण अद्यावधिक गर्ने | ३ | कानुन र राजनीतिक दल सम्बन्ध शाखा | +२ | | X | ० | रा व |
| राजनीतिकदल दर्ताको लागि आवश्यक विवरणहरु कम्प्युटरकृत गर्ने | ३ | राजनीतिक दल सम्बन्ध र सूचना प्रविधि संचालन शाखा | १/४ | | X | ० | रा व |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| राजनीतिकदल दर्ता गर्दा समर्थन गर्ने व्यक्तिहरूको हस्ताक्षर वैज्ञानिक रूपमा परीक्षण गर्ने व्यवस्था गर्ने | ३ | सूचना प्रविधि संचालन शाखा | +२ | | X | ० | रा व |
| **लक्ष्य ९: सूचना प्रविधिको प्रयोग गरी निर्वाचन व्यवस्थापन सुदृढ गर्ने** | | | | | | | |
| प्रत्येक निर्वाचनमा क्रमिक रूपमा/चरणबद्ध रुपमा विद्युतीय मतदान यन्त्रको प्रयोग बढाउदै लैजाने (सबै निर्वाचन क्षेत्रमा पूर्णरूपमा लागू नहुन्जेलसम्म प्रत्येक निर्वाचनमा ५००० विद्युतीय मतदान उपकरणहरु थप्दै जाने) | २ | निर्वाचन संचालन शाखा | +२ | X | X | १ | रा व +दा |
| आयोग र जिल्ला निर्वाचन कार्यालयहरूबीच द्रूत गतिमा डाटा सम्पर्क (हाई स्पीड डाटा कनेक्टीभिटी) व्यवस्था गर्ने । | ३ | सूचना प्रविधि र सूचना प्रणाली | +२ | | X | १/१० | रा व + दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| | | व्यवस्थापन शाखा | | | | | |
| कम कागज प्रयोग हुने कार्यालयको अवधारणा अनुरूप कार्यालय स्वसञ्चालन हुने व्यवस्था गर्ने | ३ | सूचना प्रविधि र सूचना प्रणाली व्यवस्थापन शाखा | +२ | | X | ० | रा व |
| सबै सम्बद्ध कर्मचारीको इन्टर्नेट, इमेल र भिडियो कन्फेरेन्समा पहुँच पुऱ्याउने | ३ | सूचना प्रविधि र सूचना प्रणाली व्यवस्थापन शाखा | +२ | | X | ० | रा व |
| इन्टरनेट तथा एस.एम.एस. बाट मतदान गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्ने | ३ | निर्वाचन संचालन, सूचना प्रविधि | १/२ | | X | १/२० | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| | | र सूचना प्रणाली व्यवस्थापन शाखा | | | | | |
| **स्तम्भ ४: निर्वाचन शिक्षा र सङ्गठनात्मक पहुँच** | | | | | | | |
| **लक्ष्य १०: मतदाता शिक्षा सुधार गर्ने** | | | | | | | |
| मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नु अघि समाजका विभिन्न वर्ग र क्षेत्र सम्बोधन हुने गरी लिइएको लक्ष्यमा आधारित भई आवश्यकता मूल्याङ्कन गर्ने | २ | निशिसूके | -१/४ | X | | १/१० | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| संविधान घोषणा भए पश्चात् राजनीतिक अधिकारको उपभोगलाई केन्द्रित गरी सचेतना अभियान सुरू गर्ने | २ | निशिसूके | १/४ | X | | १/४ | रा व +दा |
| निर्वाचनको समयमा कम्तीमा हप्ताको एकपटक रेडियो र टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने | २ | निशिसूके | १/४ | X | X | १/४ | रा व +दा |
| निर्वाचनको समयमा नमुना मतदान कार्यक्रमलाई मतदाता शिक्षाको माध्यमको रुपमा सञ्चालन गर्ने | ३ | निशिसूके | १/४ | | X | ० | रा व |
| मतदाता शिक्षाको लागि तालीम दिने करिव ३२००० प्रशिक्षकहरूको सूची तयार गर्ने | २ | निशिसूके | १/४ | X | | ० | रा व |
| माध्यमिक विद्यालयको पाठ्यक्रममा मतदाता शिक्षासम्बन्धी शीर्षक समावेश गर्ने प्रयास गर्ने | ३ | निशिसूके | २ | | X | १/१० | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| सबै जिल्लामा सांस्कृतिक कार्यक्रम र घुम्ती टोलीमार्फत् मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नुका साथै निर्वाचन सामग्रीहरू वितरण गर्ने | ३ | निशिसूके | १/२ | | X | १/१० | रा व +दा |
| **लक्ष्य ११: निर्वाचन शिक्षा तथा सूचना केन्द्रलाई क्षेत्रीयस्तरमा विस्तार गर्ने** | | | | | | | |
| निर्वाचन शिक्षा तथा सूचना केन्द्रलाई क्षेत्रीय तहमा विस्तार गर्ने । | २ | आयोग, सचिवालय र निशिसूके | २ | X | | १/१० | रा व +दा |
| मतदाता शिक्षा सञ्चालन गर्न सक्षम जनशक्ति क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा राख्ने | २ | निशिसूके | १/४ | X | | ० | रा व |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| मतदाता शिक्षाको प्रयोजनको लागि क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रहरूले घुम्ती सामग्रीहरूको प्रयोग गर्ने | २ | निशिसूके | १/४ | X | | १/४ | रा व +दा |
| क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रहरूमा निर्वाचन सम्बन्धी पुस्तकालय स्थापना गर्ने | २ | निशिसूके | १/२ | X | | १/४ | रा व +दा |
| अन्य निकायहरूसँगको समन्वयमा निर्वाचनसँग सम्बन्धित तालीम सञ्चालन गर्ने | ३ | निशिसूके | १/४ | | X | - १/२० | रा व +दा |
| वार्षिक रुपमा सार्कस्तरमा निर्वाचन शिक्षा सम्बन्धी अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गर्ने (अनुमान : नेपालमा एउटा कार्यक्रम हुने) | ३ | निशिसूके | १/४ | | X | - १/२० | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| **लक्ष्य १२: लोकतन्त्र र निर्वाचनका लागि दक्षिण एशियाली अध्ययन केन्द्र स्थापना गर्ने** | | | | | | | |
| FEMBoSA को पाँचौं बैठकको घोषणापत्रको बुँदा नं ३ मा उल्लेख भए बमोजिम दक्षिण एसियाली क्षेत्रमा निर्वाचन सम्बन्धी विषयमा शैक्षिक तथा अनुसन्धानात्मक क्रियाकलाप सञ्चालन गर्न निर्वाचनसम्बन्धी अध्ययन/अनुसन्धान केन्द्र स्थापना गर्ने | १ | आयोग र सचिवालय | १ | X | | +१ | रा व +दा |
| **लक्ष्य १३: निर्वाचन व्यवस्थापनका सबै तहमा लैङ्गिक तथा सामाजिक समावेशिता सुनिश्चित गर्ने** | | | | | | | |
| निर्वाचनसम्बन्धी कानुनमा सुधार गरी निर्वाचन प्रणालीमा जनसंख्याको अनुपातमा महिला तथा | १ | कानुन शाखा | १ | X | | १/२० | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| अल्पसंख्यकहरूको अधिकार र स्थानको सुनिश्चितता गर्ने । | | | | | | | |
| निर्वाचन कानुनमा सुधार र क्षमता विकास मार्फत् स्थानीय निकायको निर्वाचनमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व गराउन पहल गर्ने | १ | आयोग र सचिवालय | +२ | X | | +१ | रा व +दा |
| सबै तहमा महिला कर्मचारीको संख्या दोब्बर पार्ने प्रयास मार्फत् आयोगलाई लैङ्गिक रूपमा समावेशी बनाउने । | १ | आयोग र सचिवालय | +२ | X | X | ० | रा व |
| लैङ्गिक तथा समावेशी इकाई संचालनको लागि आवश्यक जनशक्ति तथा बजेट व्यवस्था गर्ने | १ | सचिवालय | १ | X | | ० | रा व |
| महिला, दलित, जनजाति, मधेशी र अन्य समुदायको राजनीतिक प्रतिनिधित्व बढाउने । | १ | प्रशासन र कानुन शाखा | २ | X | | १/४ | रा व +दा |

| विषयवस्तु | प्राथमिकता | जिम्मेवार निकाय | कार्यान्वयन अवधि | समय सीमा | | लागत | रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७१/७२-०७२/७३ | ०७३/७४-०७५/७६ | | |
| नियमनात्मक बाधा अड्चन फुकाई फरक क्षमता भएका व्यक्तिको निर्वाचन प्रक्रियामा सहभागिता बढाउने | १ | प्रशासन र कानुन शाखा | २ | X | | १/५ | रा व +दा |
| सबै जिल्लामा महिला समूहहरू (आमा समूह, वडा नागरिक मञ्च, महिला सहकारी आदि) लाई लक्षित गरी मतदान शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | २ | निशिसूके र योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा | १/२ | X | | १/१० | रा व +दा |
| अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान केन्द्रमा पथ प्रदर्शन गर्ने, मतसंकेत गर्ने जसता कार्यमा सहयोग | मतदान केन्द्रमा खटाइएका कर्मचारीहरुको संख्या | |

| विषयवस्तु | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू |
|---|---|---|
| गर्नको लागि हरेक मतदानस्थलमा कम्तीमा एक जना मतदान कर्मचारीको व्यवस्था गर्ने | | |
| मतदानस्थलहरूमा सहज पहुँचको लागि अपाङ्गमैत्री पूर्वाधार क्रमशः तयार गर्दै जाने (हरेक निर्वाचनमा १००० मतदानस्थलको लक्ष्य) | अपाङ्गमैत्री पूर्वाधार तयार भएका मतदान केन्द्रहरूको संख्या | |
| **लक्ष्य १६**<br>**सामग्री व्यवस्थापन थप प्रभावकारी रूपमा गर्ने** | | |
| निर्वाचन अघि समयमै मतदानस्थलहरूको मूल्याङ्कन गर्ने र स्वीकृत गर्ने | मूल्याङ्कन गरिएका मतदान स्थलहरूको संख्या | |
| पाँच वटै विकास क्षेत्रहरूमा क्षेत्रीय गोदाम घर स्थापना गर्ने | | गोदामघर स्थापना भएको हुने |
| सामग्रीहरूको गुणस्तरको स्पेसिफिकेशन तयार गर्ने | | स्पेसिफिकेशन तयार भई उचित रूपमा वितरण भएको हुने |

| विषयवस्तु | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू |
|---|---|---|
| कम संवेदनशील निर्वाचन सामग्रीहरूको पुनः प्रयोग गर्ने सम्बन्धी नीति तर्जुमा गर्ने | | नीति तर्जुमा गरिएको र कार्यान्वयन भएको हुने |
| निर्वाचन सामग्रीहरू खरिद गर्ने कार्यविधि पुनरावलोकन गर्ने | | कार्यविधि पुनरावलोकन भई लागू भएको हुने |
| मतदान केन्द्रहरूमा विद्युतीय माध्यमबाट मतदाताको पहिचान गर्ने प्रणालीको संभाव्यता अध्ययन गर्ने | | संभाव्यता अध्ययन भएको हुने |
| **लक्ष्य १७: निर्वाचन जोखिम व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने** | | |
| निर्वाचन जोखिम व्यवस्थापन इकाई स्थापना गरी कार्यविधि तय गर्ने | | इकाई स्थापना भई कार्यविधि तर्जुमा भएको हुने,<br>पर्याप्त जनशक्ति र बजेट विनियोजन गरिएको हुने |
| आयोग र जिल्लाका कर्मचारीहरूलाई जोखिम व्यवस्थापन सम्बन्धी तालीम दिने | आयोग र जिल्लमा आयोजना गरिएका तालीमको संख्या | |

| **विषयवस्तु** | **मापनयोग्य सूचकहरू** | **कार्यसम्पादन मापनका आधारहरू** |
|---|---|---|
| सबै तहका सुरक्षा समितिहरूको भूमिका सुदृढ गर्ने र क्षेत्र फराकिलो पार्ने<br>(मतदाता र उम्मेदवारको सुरक्षा खासगरी महिला, मतपेटिका, मतपत्र र अन्य संवेदनशील सामग्रीहरू समेतको सुरक्षालाई समेटी फराकिलो पार्ने) | | निर्वाचनसम्बन्धी सूरक्षाको व्यापक अवधारणा अनुरूप यो समितिको संरचना र कार्यक्षेत्रगत शर्त पुनरावलोकन भएको हुने |
| निर्वाचन अघि, सुरक्षाकर्मीलाई निर्वाचनसँग सम्बन्धित विषयमा जानकारी गराउने | केन्द्र र जिल्लमा सुरक्षामर्कीहरुसँग भएको बिफ्रिङ्ग बैठक संख्या | |
| निर्वाचन सञ्चालनको काम पहिल्याउने प्रणाली (Tracking System) विकास गर्ने र प्रभावकारी तरिकाबाट प्रयोग गर्ने<br>(सवारी साधनको साथै मतपेटिका तथा मतपत्र र अन्य संवेदनशील सामग्रीहरूको वितरण र पुनर्प्राप्ति समेत) | | निर्वाचन सञ्चालनको काम पहिल्याउने (Tracking System) प्रणाली विकास गरिएको र प्रयोग गरिएको हुने |

| विषयवस्तु | मापनयोग्य सूचकहरू | कार्यसम्पादन मापनका आधारहरू |
|---|---|---|
| निर्वाचन जोखिमसँग सम्बन्धित सरोकारवालाहरूको पहिचान गरी सम्बन्ध विकास गर्ने | केन्द्रीय तथा जिल्ला तहमा पहिचान भएका सरोकारवाला हरूको संख्या र ती सरोकारवालाहरू पहिचान गर्न भएका क्रियाकलापहरुको संख्या | |

# परिशिष्टहरू

## परिशिष्ट १

**रणनीतिक योजना (२०६५-२०७०) को समीक्षा**

१. पहिलो आवधिक योजनाको रुपमा निर्वाचन आयोगले आफ्नो पाँच वर्षीय रणनीतिक योजना (२०६५-२०७०) तर्जुमा गरेको थियो । यस अवधिमा आयोगले संस्थागत विकासको साथै नीतिगत परिवर्तन, कानुनी संशोधन, व्यवस्थापकीय र प्रक्रियागत क्षमता विकासका क्षेत्रमा धेरै उपलब्धि हासिल गरेको छ । स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउन सफल यस आयोगको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समेत प्रतिष्ठा अभिवृद्धि भएको छ । आयोगले यस राणनीतिक योजना कार्यान्वयन अवधिमा निर्वाचनको तयारी सम्बन्धी थुप्रै कार्य गर्नुका साथै संविधान सभाको अर्को निर्वाचन समेत सफलतापूर्वक सम्पन्न गरेको छ ।

यसै पृष्ठभूमिमा आयोगको रणनीतिक योजना, २०६५ को समीक्षा गर्न २०७०/९/११ मा सहसचिव श्री सुरेश अधिकारीको संयोजकत्वमा एक समिति गठन भएको थियो । र उक्त समितिलाई १० दिन भित्र समीक्षा प्रतिवेदन पेश गर्ने गरी कार्यादेश दिइएको थियो ।

**२. समितिको गठन विधि**

सुरेश अधिकारी, सहसचिव, निर्वाचन आयोग - संयोजक

एकनारायण शर्मा, उपसचिव, निर्वाचन आयोग - सदस्य

लक्ष्मीदेवी होमागाई, उपसचिव, निर्वाचन आयोग - सदस्य

खेमराज ज्ञवाली, उपन्यायधिवक्ता, निर्वाचन आयोग - सदस्य

कृष्णचन्द्र न्यौपाने, यूएनडीपी/ईएसपी - सदस्य

दिपक कुमार थापा, शाखा अधिकृत, निर्वाचन आयोग - सदस्य सचिव

**३. समितिले अपनाएको अध्ययन विधि**

निर्वाचन आयोगको रणनीति कार्ययोजना, २०६५ को समीक्षा गर्ने सिलसिलामा रणनीतिक योजनामा निर्धारित उद्देश्य एवं लक्ष्य पूरा भए नभएको अध्ययन गरियो।

यसक्रममा निर्धारित लक्ष्यहरूलाई तालिकावद्ध गरियो । आयोगका विभिन्न महाशाखा र शाखा प्रमुखहरूबाट आ-आफ्नो कार्यक्षेत्रमा भएका प्रगति उपलब्धिहरूबारे जानकारी प्राप्त गर्ने कार्य गरियो । सोही अनुसार उपलब्धिहरूलाई तालिकावद्ध गरियो।

उपलब्धिहरूको स्तर निर्धारण गर्दा लक्ष्य पूरा भएकोलाई उत्कृष्ट, कार्यसम्पादन उल्लेखनीय रूपमा भएका तर समग्र लक्ष्य पूरा हुन नसेककालाई तथा लक्ष्यको नजिक रहेकालाई राम्रो, केही काम भएका तर उपलब्धि न्यून रहेकालाई न्यून र कार्यसम्पादन हुन नसकेकालाई नभएको भनी वर्गीकरण गरियो ।

## ४. उपलब्धिको अवस्था :

रणनीतिक योजना, २०६५ को विश्लेषण गर्दा ५१ वटा लक्ष्यहरुमध्ये २१ वटा (४१.१७%) लक्ष्यहरु उत्कृष्ट रूपमा पूरा भएका, १९ वटा (३७.२५%) लक्ष्यहरू राम्रोसँग पूरा भएका, ४ वटा (७.८४%) लक्ष्यहरु न्यून रूपमा मात्र पूरा भएका र ७ वटा (१३.७२%) लक्ष्य पूरा नभएको पाइयो । समग्रमा उत्कृष्ट र राम्रा उपलब्धिलाई जोड्ने हो भने आयोगले आफ्नो रणनीतिक योजना कार्यान्वयनमा करिव ७८.४२% प्रतिशत सफलता प्राप्त गरेको देखिन्छ । रणनीतिक लक्ष्यहरू धेरै हदसम्म पूरा भएको कारण आयोगले रणनीतिक योजनामा राखेका दृष्टिकोण, सिद्धान्त र उद्देश्य पूरा गर्न सघाउ पुगेको देखियो ।

विश्वासनीय निर्वाचन सम्पन्न गर्न आयोगलाई स्वनन्त्र, निष्पक्ष र सक्षम रूपमा स्थापित गर्ने दूरदृष्टि रहेकोमा अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० मा आयोगको उत्कृष्ट तयारी, व्यवस्थापकीय दक्षताका कारण स्वतन्त्र र मर्यादित रूपमा निर्वाचन भएको थियो । यस विषयलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय पर्यवेक्षक, सञ्चार माध्यम, अनुगमनकर्ता र आम नागरिकले समेत गरेको निर्वाचनको प्रशंसाले पुष्टि गर्दछ ।

## ५. लक्ष्य उपलब्धिको विवरण :

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| १. | निर्वाचनसम्बन्धी विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवको आधारमा सुझाव उपलब्ध गराएर संविधान निर्माण प्रक्रियामा सहयोग गर्ने | राष्ट्रिय, अन्तर्राष्ट्रिय अनुभवका आधारमा विगतको संविधान सभालाई सुझाव उपलब्ध गराइएको | राम्रो |
| २ | स्वच्छ र स्वतन्त्र निर्वाचन गर्न आयोगलाई अझ बढी सक्षम निकायको रूपमा स्थापित गर्नको लागि वि.स. २०६७ साल भित्र निर्वाचन कानुन र सङ्गठनात्मक संरचनामा सुधार गर्ने | संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० र संविधानसभा सदस्य निर्वाचन नियमावली, २०७० तर्जुमा गएिको । मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ र राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ मा सामयिक संशोधन गरिएको । साथै सङ्गठन एवं व्यवस्थापन सर्भे गरी आयोगको प्रशासनिक तथा सङ्गठनात्मक सुधार ल्याइएको । पाँचै विकास क्षेत्रमा स्रोत केन्द्र प्रमुख समेत रहने गरी रा.प.अ. द्वितीय | उत्कृष्ट |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| | | श्रेणीका कर्मचारीको व्यवस्था, सूचना प्रविधि व्यवस्थापन महाशाखा र सो अन्तर्गत सूचना प्रणाली व्यवस्थापन शाखा र सूचना प्रविधि सञ्चालन शाखा गठन गरिएको । साथै, कानुन शाखा, तथ्याङ्क तथा सर्वेक्षण शाखा र निर्वाचन शिक्षा तथा सूचना केन्द्रको नयाँ व्यवस्था भएको | |
| ३ | निर्वाचनका आधारभूत मापदण्ड समेटिएको निर्वाचन व्यवस्थापनसम्बन्धी एकीकृत कानुन निर्माण गर्ने | राजनीतिक दलसम्बन्धी कानुनलाई संसोधन र एकीकरण गर्न अध्यादेश तर्जुमा गरी गृह मन्त्रालयमार्फत् नेपाल सरकारमा पठाएको । निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न कानुनको मस्यौदा तर्जुमा गरिएको | पूरा नभएको |
| ४ | वि.सं. २०६७ सम्म मतदाता र मतदान केन्द्रबीचको अधिकतम दुरी ५ कि.मी. मा सीमित गर्ने | अधिकांश मतदान केन्द्रहरूको दुरी ५ कि.मी.मा सीमित गर्न सफलता मिलेको । कुल मतदानस्थल मध्ये ११.०९५% मतदानस्थल मात्र ५ कि.मी. भन्दा बढीको | राम्रो |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| | | दुरीमा रहेको अवस्था देखियो । विस्तृत विवरण **अनुसूची १** मा संलग्न छ | |
| ५. | मतदानको समयमा प्रत्येक मतदाताको नाम रूजु गर्नेदेखि मतदान गर्न लाग्ने समय (प्रोसेसिङ टाइम) ३ मिनेटमा सीमित गर्ने | मतदान गर्ने समय (प्रोसेसिङ टाइम) लाई ३ मिनेटभन्दा कम गर्न सफलता मिलेको । विभिन्न १५ जिल्लाको सर्वेक्षणका आधारमा मतदान गर्ने समय प्रति मतदाता कम्तीमा १ मिनेट ५० सेकेन्डदेखि बढीमा २ मिनेट ४३ सेकेन्ड लागेको देखिन्छ । विस्तृत विवरण अनुसूची-२ मा समावेश छ | |
| ६ | विद्युतीय मतदान यन्त्रबाट मतदान गराउने | विद्युतीय मतदान यन्त्र सञ्चालन गर्ने गरी नीतिगत तथा व्यवस्थापकीय तयारी भए पनि निर्वाचनमा सहभागी हुने १२२ राजनीतिक दलका निर्वाचन चिन्ह रहन सक्ने मेसिन नपाइएको कारण प्राविधिक रूपमा सम्भव नभएको | नभएको |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| ७ | परीक्षणको रूपमा ५ वटा निर्वाचन क्षेत्रको मतपत्रमा ब्रेल लिपिसमेत समावेश गर्ने | ब्रेल लिपिसम्बन्धी ब्रोसर तयार भएको तर मतपत्रमा ब्रेल लिपि लागू गर्न नसकिएको | नभएको |
| ८ | भौगोलिक रूपमा सम्भव भएसम्म प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा मतदान केन्द्रमा ह्वील चेयर जानसक्ने गरी मतदान केन्द्र निर्माण गर्ने | १५ जिल्लाका ४९ वटा मतदान केन्द्रमा अपाङ्गमैत्री र्‍याम्प तयार गरी मतदान केन्द्रमा जान सक्ने बनाइएको । विवरण अनुसुची ३ मा समावेश छ | राम्रो |
| ९ | १०० शैय्या वा सोभन्दा बढीको असपताल र २५ जनाभन्दा बढीको वृद्धाश्रममा घुम्ती मतदानको व्यवस्था मिलाउने | ५० जनाभन्दा बढी ज्येष्ठ नागरिक भएको वृद्धाश्रममा अस्थायी मतदान केन्द्रको व्यवस्था गरिएको । घुम्ती मतदानको व्यवस्था हुन नसकेको | राम्रो |
| १०. | निर्वाचन व्यवस्थापनमा संलग्न कर्मचारीहरूको स्वरूप समावेशी बनाउने र स्थानीयस्तरको सहभागितालाई प्राथमिकता दिने | १२० मतदान केन्द्रमा सम्पूर्ण कर्मचारी महिला नै हुने गरी व्यवस्था मिलाइएको । निर्वाचन शिक्षा कार्यक्रमका कर्मचारीमा महिलालाई समावेश गरिएको । सबै मतदान केन्द्रमा मसी लगाउने कर्मचारीको रूपमा | राम्रो |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| | | महिला नै राखिएको । विस्तृत विवरण अनुसूची-४ मा समावेश गरिएको छ | |
| ११ | पूर्व मतदान र अनुपस्थित मतदानको संभाव्यता अध्ययन गर्ने | यस विषयमा अध्ययन गर्न माननीय आयुक्तहरूको नेतृत्वमा द. कोरिया, फिलिपिन्स र थाइल्याण्डको अध्ययन भ्रमण गरी संभाव्यता अध्ययन गरिएको | उत्कृष्ट |
| १२ | मतदाता पहिचान गर्ने फोटोसहितको प्रमाणको आधारमा मतदान गराउने अनिवार्य व्यवस्था गर्ने | फोटोसहितको मतदाता नामावली र परिचयपत्रको आधारमा अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० मा मतदान गरिएको | उत्कृष्ट |
| १३ | स्वदेश तथा विदेशमा अस्थायी बसोबास गरेका मतदाताको मतदानमा सहभागिताको संभाव्यताका विषयमा अध्ययन गर्ने | वैदेशिक अध्ययन भ्रमणको क्रममा अध्ययन भएको तर नेपालमा यसको संभाव्यताको लेखाजोखा गर्ने कार्य हुन नसकेको | पूरा नभएको |
| १४ | राजनैतिक दल र उम्मेदवारले गर्ने निर्वाचन खर्चको अनुगमनको | आचारसंहिता अनुगमन समितिमार्फत् कार्यसम्पादन गरिएको । यस्तो समिति | राम्रो |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| | लागि उपयुक्त संयन्त्र निर्माण गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने | माननीय आयुक्तज्यूहरूको संयोजकत्वमा गठन भएको । निर्वाचन खर्चको अनुगमन निर्वाचन अधिकृतले गर्न सक्ने व्यवस्था भएको | |
| १५ | निर्वाचन पर्यवेक्षणको गुणस्तर वृद्धि गर्न प्रभावकारी संयन्त्रको विकास गर्ने | पर्यवेक्षणको गुणस्तर अभिवृद्धि गर्न पर्यवेक्षण नीति, कार्यविधि, आचारसंहिता तयार गरी लागू गरिएको । पर्यवेक्षणका लागि योग्यता, अनुभव निर्धारण गरिएको । माननीय आयुक्तको संयोजकत्वमा पर्यवेक्षण एकाई गठन गरिएको र पर्यवेक्षण स्रोत केन्द्रको समेत व्यवस्था गरिएको | उत्कृष्ट |
| १६ | मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्ने कार्य स्थानीय निकायबाट गराउने | मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्ने कार्य स्थानीय निकायबाट गर्ने व्यवस्था लागू हुन नसकेको | नभएको |
| १७ | फोटोसहितको मतदाता नामावली तयार गर्न प्रारम्भ गर्ने | फोटोसहितको मतदाता नामावली तयार गरी सोही आधारमा संविधान सभा निर्वाचन सम्पन्न गरिएको | उत्कृष्ट |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| १८ | विवरणको शुद्धताको प्रतिशत ९५ भन्दा माथि पुर्‍याउने | ९५ प्रतिशत भन्दा बढी विवरण शुद्ध भएको | उत्कृष्ट |
| १९ | मतदाता नामावली अद्यावधिक कार्य वर्षै भरी खुल्ला गर्ने, तर निर्वाचन घोषणा भएको अवस्थामा मतदान हुने दिनभन्दा ७५ दिन अगावै बन्द गर्ने | मतदाता नामावली अद्यावधिक गर्ने कार्य वर्षभरि गरिएको । गत संविधानसभा निर्वाचनमा मतदान हुनु ७५ दिन अगावै नामावली अद्यावधिक गर्ने कार्य सम्पन्न गरिएको | उत्कृष्ट |
| २० | ९५ प्रतिशत मतदाता समक्ष मतदता शिक्षा पुर्‍याउने र यस्तो कार्यक्रम निर्वाचन नभएको बेलामा पनि सञ्चालन गर्ने | ९५ प्रतिशत भन्दा बढी मतदातामा निर्वाचन शिक्षा कार्यक्रम पुर्‍याएको । यसअन्तर्गत टेलिभिजन तथा रेडियो कार्यक्रम, पत्रपत्रिका, वृत्त चित्र, पोस्टर, सडक नाटक जस्ता माध्यमबाट मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएको | उत्कृष्ट |
| २१ | विभिन्न १७ भाषाहरू र सांकेतिक भाषामा समेत मतदाता शिक्षा सञ्चालन गर्ने | विभिन्न २८ भाषा र सांकेतिक भाषामा मतदाता शिक्षा सञ्चालनको कार्य सम्पन्न गरिएको | उत्कृष्ट |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| २२ | मतदानमा दुई तिहाईभन्दा बढी मतदाताको सहभागिताको लागि प्रयास गर्ने | २०७० मंसिर ४ मा सम्पन्न अर्को संविधान सभा सदस्यको निर्वाचनमा प्रत्यक्षतर्फको मतदानमा ७८.३ प्रतिशत र समानुपातिकतर्फ ७९.८२ प्रतिशत मतदाताको सहभागिता रहेको लक्ष्यभन्दा बढी नै प्रगति भएको देखिन्छ | उत्कृष्ट |
| २३ | निर्वाचन आयोग र अन्तर्गतका सबै कर्मचारीहरूलाई निर्वाचन व्यवस्थापन विषयमा आधारभूत तालीम दिने | आयोग र अन्तर्गतका सबै कर्मचारीलाई प्रशासनिक, निर्वाचनसम्बन्धी र सूचना प्रविधिसम्बन्धी आधारभूत तालीम प्रदान गरिएको | उत्कृष्ट |
| २४ | प्रत्येक वर्ष निर्वाचन व्यवस्थापनमा संलग्न १० प्रतिशत कर्मचारीहरूलाई स्वदेश वा विदेशमा निर्वाचन व्यवस्थापन सम्बन्धी तालीम, अध्ययन, अनुसन्धान तथा अवलोकनमा सरिक गराउने | स्वदेशी तालीम सबैलाई प्रदान गरिएको, विदेशी तालीम अध्ययन भ्रमण भने १० प्रतिशत भन्दा कम भएको | राम्रो |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| २५ | सम्पूर्ण तलव खर्चको २० प्रतिशत रकम तालीमको लागि विनियोजन गर्ने | यस अनुसार लक्ष्य पूरा हुन नसकेको | नभएको |
| २६ | निर्वाचन व्यवस्थापनको लागि आयोगले आफ्नै कर्मचारीको टोली (कोर टिम) बनाउने विषयमा संभाव्यता अध्ययन गर्ने | निर्वाचन व्यवस्थापनका सन्दर्भमा कर्मचारीको टोली बनाउन अध्ययन गरिएको | पूरा नभएको |
| २७ | परीक्षणको लागि २०० मतदान केन्द्रमा आयोगले नै सबै किसिमका कर्मचारी भर्ना गरी मतदानको व्यवस्था गर्ने | यस अनुसारको लक्ष्य पूरा हुन नसकेको । | नभएको |
| २८ | मतदाता नामावली सङ्कलन देखि उत्पादनसम्मको सम्पूर्ण कार्य स्थानीय तहबाट गर्ने व्यवस्था मिलाउने | मतदाता नामावली सङ्कलनमा स्थानीय तहको संलग्नता रहेको, तर व्यवस्थापकीय कार्य र उत्पादनको कार्यमा केन्द्रको भूमिका रहेको | राम्रो |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| २९ | निर्वाचनको तयारी अवधिलाई ९० दिन भित्रमा सीमित गर्ने | निर्वाचनको तयारी अवधि १२० दिन हुने कानुनी व्यवस्था रहेको र सोहीअनुसार कार्य सञ्चालन भएको । यद्यपि तयारी अवधिलाई ९० दिनमा सीमित गर्न सक्ने गरी आयोगको सक्षमता विकास भएको | राम्रो |
| ३० | निर्वाचनको मापदण्डमा आधारित भई नभई नहुने संवदेनशील सामग्री बाहेक अरू सबै सामग्रीको व्यवस्था आयोगको स्थानीय कार्यालयले गर्ने | शुरूवात गरिएको । संविधानसभा निर्वाचनमा प्रयोग भएको ६७ मध्ये १२ प्रकारका सामग्री स्थानीय स्तरमाबाट नै खरीद गर्ने व्यवस्था मिलाइएको | राम्रो |
| ३१ | मतदान केन्द्रको निर्धारण र मतदान केन्द्रमा न्यूनतम भौतिक पूर्वाधार विकासको कार्य स्थानीय विकासको कार्य स्थानीय कार्यालयलाई सुम्पने | मतदान केन्द्र निर्धारणमा र न्यूनतम पूर्वाधार विकासमा स्थानीय कार्यालयलाई संलग्न गराइएको । तर केन्द्रको निर्णयको भूमिका रहेको । ४९ वटा निर्वाचन केन्द्रहरूमा अपाङ्गता मैत्री र्‍याम्पको व्यवस्था गरिएको | राम्रो |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| ३२ | आयोगका स्थानीय कार्यालयहरूबाट निर्वाचन व्यवस्थापन गराउने नीतिको सुरूवात गर्ने | मतदाता नामावली सङ्कलन , परिचयपत्र वितरण, निर्वाचन सामग्री खरीद, मतदाता शिक्षा कार्यक्रमका माध्यमबाट निर्वाचन व्यवस्थापनमा सहभागी गराउने कार्यको शुरूवात भएको | राम्रो |
| ३३ | सबै मतदान केन्द्रको विवरण जिल्लास्तरमा समेत भू-सूचना प्रणालीमा (जीआईएस) आयोग र अन्तर्गतका जिल्लाहरूलाई प्रदान गर्ने | विभिन्न मतदान केन्द्रहरूको भौगोलिक अवस्था झल्कने गरी भू-सूचना पद्धतिको शुरूवात र प्रयोग गरिएको | राम्रो |
| ३४ | निर्वाचन व्यवस्थापनमा संलग्न सबै कर्मचारीको सूचना प्रविधिमा पहुँच पुऱ्याउने | सबै कर्मचारीको सूचना प्रविधिमा पहुँच पुऱ्याएको । सूचना प्रविधिको प्रयोग गर्न सक्ने क्षमताको विकास गरिएको र उपकरण समेत उपलब्ध गराइएको | उत्कृष्ट |
| ३५ | आयोग र अन्तर्गतका कार्यालयलाई सूचना तथा सञ्चार प्रविधिको सञ्जालमा आवद्ध गर्ने | सबै जिल्ला निर्वाचन कार्यालय र केन्द्रबीच सञ्जाल निर्माण भएको । यसबाट निर्वाचन | उत्कृष्ट |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| | | सम्बन्धी कार्य लगायत प्रशासनिक कार्य सम्पादनमा सहजता भएको | |
| ३६ | आयोग र अन्तर्गतका कार्यालयहरूमा व्यवस्थापन सूचना प्रणाली स्थापना गर्ने | एम. आइ. एस. लागू नभएको | नभएको |
| ३७ | निर्वाचन सम्बन्धी सूचनाहरू अनलाइन उपलब्ध गर्ने | निर्वाचन सम्बन्धी सूचना अनलाइनमा उपलब्ध हुने व्यवस्था मिलाइएको | उत्कृष्ट |
| ३८ | विद्यमान मतदाता नामावलीलाई नयाँ दर्ता प्रणालीले प्रतिस्थापन गर्ने | नयाँ दर्ता प्रणाली लागू भई सोही बमोजिम नै फोटोसहितको मतदाता नामावली संकलन र अद्यावधिक गरिएको | उत्कृष्ट |
| ३९ | रणनीतिक ठाउँहरूमा निर्वाचन स्रोत केन्द्र स्थापना गर्ने | आयोग र पाँचै विकास क्षेत्रमा निर्वाचन स्रोतकेन्द्र स्थापना गरिएको | राम्रो |
| ४० | रणनीतिक ठाउँहरूमा गोदाम घर र कार्यालय भवन निर्माण गर्ने | १० वटा जिल्लामा कार्यालय भवन निर्माण गरिएको | राम्रो |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| ४१ | थप १० स्थानमा स्थानीय कार्यालयहरूको लागि जग्गाको व्यवस्था गर्ने | थप १० जिल्लामा जिल्ला निर्वाचन कार्यालयको लागि जग्गाको व्यवस्था गरिएको | उत्कृष्ट |
| ४२ | सरोकारावालासँग नियमित अन्तरक्रियाको लागि केन्द्र र स्थानीय स्तरमा उपयुक्त स्थायी संयन्त्र स्थापना गर्ने | अन्तरक्रिया कार्यक्रम, केन्द्र र जिल्लास्तरमा समेत आयोजना गर्ने गरिएको । केन्द्रमा माननीय आयुक्तज्यूहरूकै संयोजकत्वमा सुरक्षा, सूचना शिक्षा, आचारसंहिता अनुगमन, मिडिया अनुगमनजस्ता समिति गठन गरिएको । जिल्लास्तरमा समेत निर्वाचन परिचालन समिति गठन गरी सम्बद्ध पक्षसँग नियमित अन्तरक्रिया गर्ने व्यवस्था मिलाइएको | उत्कृष्ट |
| ४३ | पुस्तकालयसहितको निर्वाचन सूचना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने | निशिसूके को स्थापना र सञ्चालन भएको | उत्कृष्ट |
| ४४ | राजनीतिक दलहरूको संस्थागत विकासको लागि सहकार्य गर्ने | यस सम्बन्धी कार्य हुन नसकेको | नभएको |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| ४५ | संविधान सभा सदस्य निर्वाचनमा मतदाता सहभागिता, मतदाता शिक्षा, निर्वाचन खर्च, आचार संहिता र तालीम, निर्वाचन पर्यवेक्षण, निर्वाचन व्यवस्थापनसम्बन्धी प्रभावकारिता विषयको अध्ययन र विश्लेषण गर्ने | विशेषज्ञ नियुक्ती गरी अध्ययन र विश्लेषणको कार्य गरिएको | पूरा नभएको |
| ४६ | विभिन्न अध्ययन अनुसन्धानका लागि निर्वाचन सूचना केन्द्रमा अनुसन्धानको सुविधा पनि उपलब्ध गराउने | निर्वाचन शिक्षा तथा सूचना केन्द्रमा व्यवस्था गरिएको | राम्रो |
| ४७ | विभिन्न अध्ययनको माध्यमबाट निर्वाचनका प्रमुख गतिविधिहरूको सूचकाङ्क विकास गर्ने | मतदाता सहभागिता, मतदानको शुद्धता, निर्वाचन शिक्षा जस्ता विभिन्न सूचकाङ्कको विकास गरिएको | राम्रो |
| ४८ | आयोगको क्रियाकलाप समेटिने गरी त्रैमासिक बुलेटिन तथा | नियमित प्रकाशन गर्ने गरिएको | उत्कृष्ट |

| सि.नं. | रणनीतिक योजनाका लक्ष्य | उपलब्धि | उपलब्धि स्तर (उत्कृष्ट/ठिकै/न्यून/नभएको) |
|---|---|---|---|
| | निर्वाचन विषयको पत्रिका प्रकाशन गर्ने | | |
| ४९ | सूचकसहितको अनुगमन मूल्याङ्कन प्रणालीको विकास गर्ने | आयोगबाट सम्पादन गर्ने कार्यहरूको सूचक तयार गर्ने गरिएको । (जस्ता- मतदाता दर्ता सूचक, मतदाता शिक्षा सूचक, तालीम कार्यक्रम सूचक) | राम्रो |
| ५० | विकसित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्ने । | सूचकहरू अनुसार कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्ने प्रणाली रहेको । | राम्रो |
| ५१ | रणनीतिक योजनाको मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने | मध्यावधि मूल्याङ्कनको कार्य सम्पन्न भएको । अन्तिम मूल्याङ्कन यसै समीक्षाबाट भएको | उत्कृष्ट |

## परिशिष्ट २

## सरोकारवालाहरूको पहिचान

१. राजनीतिक दलहरू र स्वतन्त्र उम्मेदवारहरू
   (क) आयोगमा दर्ता भएका राजनीतिक दलहरू
   (ख) निर्वाचनमा सहभागी राजनीतिक दलहरू
   (ग) राजनीतिक दलहरूका उम्मेदवारहरू
   (घ) स्वतन्त्र उम्मेदवारहरू

२. मतदाता
   (क) मतदाता नामावलीमा नाम समावेश भएका मतदाता
   (ख) विधायिका/संसद

३. विधायिका/संसद
   (क) संसदका विषयगत समितिहरू

४. न्यायपालिका र निर्वाचन अदालत
   (क) सर्वोच्च अदालत
   (ख) पुनरावेदन अदालत
   (ग) जिल्ला अदालत
   (घ) न्याय सेवा आयोग
   (ङ) न्याय परिषद्
   (च) महान्यायाधिवक्ताको कार्यालय
   (छ) निर्वाचन अदालत (संविधान सभा अदालत र तोकिएका अन्य निर्वाचन अदालतहरू)

५. शासकीय/प्रशासकीय संयन्त्र
   (क) नेपाल सरकारका मन्त्रालय, सचिवालय र आयोग
   (ख) सार्वजनिक संस्थान
   (ग) स्थानीय निकाय
   (घ) विकास समितिहरू

६. सुरक्षा निकाय

(क) सुरक्षासँग सम्बन्धित सम्पर्क मन्त्रालय (गृह र रक्षा)

(ख) नेपाली सेना

(ग) सशस्त्र प्रहरी बल

(घ) जनपद प्रहरी

(ङ) राष्ट्रिय अनुसन्धान विभाग

७. सरकारी कर्मचारी र शिक्षक

(क) नेपाल सरकार, विकास समिति, सार्वजनिक संस्थान र स्थानीय निकायका कर्मचारीहरू

(ख) सामुदायिक विद्यालयका शिक्षक

(ग) विश्वविद्यालयका प्राध्यापक

८. स्थानीय निकाय

(क) गाउँ विकास समिति

(ख) नगरपालिका

(ग) जिल्ला विकास समिति

९. निर्वाचन विशेषज्ञ र प्राविधिक विशेषज्ञ

(क) निर्वाचन प्रणाली तथा कार्यविधि सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञ

(ख) नमूना मतपत्र तयार गर्ने विशेषज्ञ

(ग) विद्युतीय मतदान यन्त्र प्रयोग गर्ने विशेषज्ञ

(घ) अन्य प्रविधि सञ्चालन गर्ने विशेषज्ञ

१०. आमसञ्चार माध्यम

(क) निजी क्षेत्रका आमसञ्चार माध्यम (विद्युतीय र छापा)

(ख) सरकारी क्षेत्रका आमसञ्चार माध्यम (विद्युतीय र छापा)

(ग) सञ्चारकर्मी

(घ) सञ्चार गृह

११. नागरिक समाज

(क) पेशागत सङ्गठन

(ख) नागरिक चासोका क्षेत्रमा कार्यरत संस्था

(ग) नागरिक समाजका अगुवा

१२. मानव अधिकारसँग सम्बन्धित निकाय

(क) राष्ट्रिय मानव अधिकार आयोग

(ख) मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था

१३. गैरसरकारी तथा सामुदायिक संघ/संस्थाहरु

(क) मुलुकभरका सामुदायिक संघ/संस्थाहरु (जस्तैः महिला, आमा समूह, बालबालिका, किसान, युवा र अन्य)

(ख) समाजका विभिन्न क्षेत्रमा क्रियाशील अगुवाहरु

१४. छिमेकी राष्ट्र र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु

(क) छिमेकी राष्ट्र

(ख) अन्तर्राष्ट्रिय दातृ निकायहरु (द्विपक्षीय र वहुपक्षीय)

१५. पर्यवेक्षकहरु

(क) निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरु

(ख) आयोगबाट आमन्त्रित विशिष्ट अतिथिहरु

(ग) विगतका निर्वाचन पर्यवेक्षणमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरु

१६. विद्यालय व्यवस्थापन समिति

(क) सामुदायिक विद्यालय व्यवस्थापन समिति

(ख) पेशागत संगठनहरु

(ग) कर्मचारी, शिक्षक, प्राध्यापक, सञ्चारकर्मी, कानुन व्यवसायी आदि ।

## परिशिष्ट ३

### आयोगको क्रियाकलापका स्तम्भ अनुसारको SWOT विश्लेषण :

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| **१. संस्थागत विकास** | | | | |
| जग्गा प्राप्ति | ▪ केही जिल्लामा सरकारी तथा निजी जग्गा निःशुल्क प्राप्त भएको<br>▪ जग्गा प्राप्तिका लागि जिल्ला निर्वाचन कार्यालय र आयोगबाट आवश्यक अग्रसरता लिइएको एवं प्रोत्साहन गरिएको<br>▪ कार्यालयलाई जग्गा प्रदान गर्न स्थानीय समुदायको प्रयास जारी छ | ▪ केही जिल्ला हरूमा जग्गा प्राप्ति गर्न अग्रसरता र समन्वय नभएको<br>▪ उपयुक्त स्थानमा जग्गा उपलब्ध नभएको<br>▪ जिल्ला सदरमुकाममा मात्र जग्गा खोज्न ध्यान दिइएको | ▪ साझेदार सङ्गठनहरू र सरोकारवालाहरू सकारात्मक रहेको<br>▪ निर्वाचन व्यवस्थापन गर्ने निकाय प्रति जनविश्वास रहेको र यसको विश्वसनीयता वृद्धि भएको<br>▪ निर्वाचन व्यवस्थापन गर्ने स्वायत्त निकाय हुनुपर्ने विश्वास आम रूपमा विकास भएको | ▪ जिल्ला सदरमुकाममा सार्वजानिक जग्गाको अभाव भएको<br>▪ जग्गा अत्यन्त महंगो भएको<br>▪ जग्गा खरिद गर्न बजेट अभाव<br>▪ सिफारिस गर्ने संयन्त्रको प्राथमिकतामा नपरेको |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| कार्यालय भवन र निर्माण | ▪ कास्की, कैलाली, चितवन, पाल्पाका कार्यालय भवनहरू निर्माण सम्पन्न भएका | ▪ भवनको डिजाइन वा नक्सा केन्द्रीय तहबाट मात्र स्वीकृत हुने<br>▪ केन्द्रीय तहबाट भवन निर्माणको गुणस्तरको अनुगमन नभएको<br>▪ आवासीय भवन बनाउने अवधारणा विकसित नगरिएको | ▪ भवन निर्माण गर्न जि.नि.अ.को चासो रहेको,<br>▪ केही जिल्ला हरूमा जग्गा प्राप्ति, भवन तथा कम्पाउन्ड निर्माण भएको | ▪ समयमै निर्माण हुने, समयमै बजेट प्राप्त हुने,<br>▪ ठेकेदारबाट अवरोध,<br>▪ सार्वजनिक खरिद ऐन र नियमावलीको झन्झटिलो प्रक्रिया<br>▪ जग्गा प्राप्त हुनासाथ भवन निर्माण गर्न आवश्यक श्रोत विनियोजन |
| कार्यालयको संरचना र स्वरूप | ▪ कार्यालयको संरचना र स्वरूप केन्द्रीय तहबाट अन्तिम रूपमा निर्धारण हुने<br>▪ अपाङ्गमैत्री, महिलामैत्री र सेवाग्राही मैत्री संरचना | ▪ केन्द्रले संरचना र स्वरूपको डिजाइन गर्ने (विशिष्ट स्थानीय आवश्यकता सम्बोधन गर्न गाह्रो) | ▪ रूपरेखा (layout) र संरचना आवश्यकता अनुसार र प्राप्त गर्न सकिने | ▪ जग्गाको आकार र डिजाइनबीच तालमेल नमिलेको,<br>▪ सेवाग्राहीको संख्या र भौगोलिक |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| | ▪ आफ्नै पहिचान, एकरूपता र मर्यादा | | | कठिनाईबाट प्रभावित भएको<br>▪ सजावटको लागि बजेट पर्याप्त नभएको<br>▪ समय र आवश्यकता अनुसार तरीका एवं प्रविधिमा परिवर्तन |
| क्षेत्रीय (प्रादेशिक आयोग) गोदामघर निर्माण | ▪ ठूला/धेरै सामग्रीहरू भण्डारण र प्रबन्ध गर्न सजिलो,<br>▪ सम्बन्धित क्षेत्रमा सुरक्षित रूपमा सामग्रीहरू वितरण गर्न सजिलो, | ▪ सबै ठाउँमा आफ्नो गोदामघर नभएको<br>▪ विद्यमान गोदामघर पनि उपयुक्त र सुरक्षित नभएको | ▪ भौतिक सामग्रीको सुरक्षा र तिनको सहज वितरण हुनुपर्ने कुरा महसुस गरिएको<br>▪ सरोकारवालाहरूको चासो वृद्धि भइरहेको | ▪ जमिनको भू-बनौट र यसको डिजाइनबीच तालमेल नमिलेको<br>▪ सङ्गठनात्मक संरचनाको अनुमान गर्न कठिनाइ<br>▪ निर्माणको लागि बजेटको प्रवन्ध नभएको |

| **रणनीतिक सवाल** | **सवलता** | **दुर्वलता** | **अवसर** | **जोखिम** |
|---|---|---|---|---|
| | ▪ केन्द्रीय तहबाट सामग्री बुझाउँदा लाग्ने समय र खर्चको बचत,<br>▪ आफ्नै भण्डार (गोदामघर) भए आर्थिकभार कम हुने | | | ▪ भौगोलिक कठिनाई (जस्तै: कास्कीबाट अर्घाखाँचीसम्म सामग्री ढुवानी) गर्नुपर्ने अवस्था<br>▪ राजनीतिक तहबाट क्षेत्रीयताको अवधारणाप्रति अनिश्चितता |
| **२. सङ्गठन तथा क्षमता निर्माण** | | | | |
| नीति र मापदण्ड | ▪ तालीम, अध्ययन र स्थलगत अवलोकनको लागि अन्य सरकारी निकाय र विकास साझेदारहरू बाट निश्चित कोटाको व्यवस्थापन | ▪ समान अवसर र पहुँचको अभाव<br>▪ तालिम आवश्यकता पहिचान नहुनु | ▪ इच्छुक कर्मचारीको संख्या धेरै हुनु<br>▪ नयाँ सिद्धान्त र प्रविधि<br>▪ असल अभ्यासको ग्रहण | ▪ विद्यमान प्रावधानमा नियमित परिवर्तन |

| **रणनीतिक सवाल** | **सवलता** | **दुर्वलता** | **अवसर** | **जोखिम** |
|---|---|---|---|---|
| तालीम र क्षमता विकास | ▪ कर्मचारीको कार्य सम्पादनमा क्षमता र गुणस्तरमा विकास<br>▪ नयाँ प्रविधिको ज्ञान<br>▪ तालीम नीति, २०७१<br>▪ सबै कर्मचारीलाई तालीम दिने र तालीममा तलवको बीस प्रतिशत रकम प्रदान गर्ने<br>(पहिलो रणनीतिक योजना) | ▪ छनौट प्रक्रियाका सम्बन्धमा अस्पष्ट नीति र मापदण्ड | ▪ सरकार र विकास साझेदारबाट सहयोग | ▪ आयोगमा उपयुक्त नीति नभएको<br>▪ तालीमको तरिका र प्रविधि<br>▪ सरकारी प्राथमिकतामा नपरेको |
| अध्ययन, अनुसन्धान र अवलोकन | ▪ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण उपलब्ध भएको | ▪ अध्ययन र अवलोकन सम्बन्धी स्पष्ट मापदण्डको अभाव<br>▪ अनुसन्धानको अभाव | ▪ आयोगका पदाधिकारीहरू र कर्मचारीहरू निर्वाचनको अवलोकन गर्न विदेशी मुलुकहरूमा गइरहेका | ▪ वित्तिय स्रोतको अपर्याप्तताको संभावना |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| बढुवा र मनोबल बृद्धि (मौद्रिक, गैरमौद्रिक र मनोवैज्ञानिक उत्प्रेरणा) | ▪ निर्वाचन भत्ता, खाना तथा खाजा खर्च<br>▪ अध्ययन अवलोकन<br>▪ इनाम र पुरस्कार | ▪ अवसरको समान वितरणमा समस्या (समता र समानता)<br>▪ भत्ता वितरणमा मापदण्ड नभएको | ▪ विभिन्न अध्ययन अवलोकन भ्रमण तालीम सञ्चालन गर्न सकिने | ▪ सरकारको प्राथमिकतामा नपरेको |
| कर्मचारीको स्थायित्व र संस्थागत स्मरण | ▪ नेपाल सरकारका कर्मचारी र शिक्षक परिचालन हुने प्रावधान<br>▪ कार्यालयमा कर्मचारी सरूवा हुन सक्ने व्यवस्था | ▪ आयोगमा कर्मचारीको स्थायित्व सम्बन्धी व्यवस्था नभएको<br>▪ पेशागत विकासको लागि आकर्षक कार्यालय र अवसर खोज्न कर्मचारी बाध्य | ▪ प्रोत्साहनको व्यवस्था<br>▪ कर्मचारीलाई अध्ययन र तालीमको लागि विदेशी मुलुकमा पठाउन सकिने | ▪ कमजोर उत्प्रेणा |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| बढुवा वा उत्प्रेरणा सम्बन्धी मूल्याङ्कन प्रणाली (सूचकसहित) | ▪ कार्यान्वयन गर्न सजिलो<br>▪ दण्ड/पुरस्कार प्रणाली<br>▪ कामको वस्तुगत मूल्याङ्कन<br>▪ उच्च तहको कार्यसम्पादन | ▪ उत्प्रेरणाको लागि वस्तुगत सूचकको अभाव | ▪ स्थायित्व र प्रविधि ज्ञान प्रति झुकाव भएका कर्मचारी<br>▪ कार्यविवरणको अन्तर्राष्ट्रिय प्रावधान | ▪ कार्य प्रकृतिसँग मिल्ने सूचक बनाउन कठिन |
| कार्यविवरण | ▪ नियुक्ती दिंदा कार्य विवरण (ToR) दिइने,<br>▪ कार्य अस्पष्टता हटाउने र जिम्मेवारी बढाउने | ▪ सूचक मानक सहितको कार्यविवरण व्यवस्थापन नभएको<br>▪ सबै कर्मचारीको कार्य विवरण नभएको | ▪ निजामती सेवा ऐनको प्रावधान/बढुवाको आधार<br>▪ कार्य गर्ने उचित वातावरणको आधार भएको<br>▪ समग्र विकास योजनाको महत्वपूर्ण अंगको रूपमा स्वीकार गरिएको | |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| कार्य सम्पादन | ▪ कार्यको गुणस्तर वृद्धि भएको<br>▪ सेवा प्रवाहमा वृद्धि भएको<br>▪ निजामती सेवा ऐनमा प्रावधान भएको/ अन्तर्राष्ट्रिय अभ्यास समेटिएको | ▪ कार्य सम्पादनको स्पष्ट मापदण्ड नभएको | ▪ सिकारू सङ्गठनको रूपमा विकास गर्न सकिने | ▪ कार्य वातावरण<br>▪ भूगोल |
| गुनासो व्यवस्थापन | ▪ कामको बढोत्तरी<br>▪ सम्बन्ध निर्माण,<br>▪ कार्यमा स्पष्टता,<br>▪ सहयोग र सहभागिता एवं कमजोरीको पहिचान | ▪ नीति, संयन्त्र र जोखिमको मापन प्रक्रिया नभएको<br>▪ प्रभावकारी व्यवस्थापनको अभाव | ▪ निजामती सेवा ऐनमा बढुवाको प्रावधान भएको | ▪ निर्णय सबैले स्वीकार्ने<br>▪ सूचना र तथ्याङ्क |
| मानव संसाधन विकास योजना | ▪ कर्मचारीको क्षमता विकास र व्यक्तित्व विकास | ▪ मानव संसाधन विकास योजनाको तयारी नभएको | ▪ समग्र विकास योजनाको महत्वपूर्ण भागको रूपमा हेरिएको | ▪ विविधता व्यवस्थापन<br>▪ कर्मचारीको स्थायित्व |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| सङ्गठनात्मक व्यवहार | ▪ समन्वय, सम्पर्क र सहयोगमा सुधार<br>▪ समूह कार्यको अनुभूतिमा वृद्धि<br>▪ सङ्गठनात्मक क्षमता सङ्गठनको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि<br>▪ पारदर्शिता, जवाफदेहिता र जिम्मेवारीको प्रबर्द्धन | ▪ समन्वय, समूहकार्य र संगठनात्मक संस्कृतिको अभाव | ▪ आन्तरिक तहमा छुट्टै महत्वपूर्ण विधाको रूपमा मान्यता पाएको | ▪ मूल्य र मान्यता<br>▪ काम गर्ने वातावरण<br>▪ राजनीतिकरण |
| आन्तरिक तथा वाह्य सूचना तेर्सो/ठाडो | ▪ सूचना प्रवाह र सूचना प्राप्तिमा सहज पहुँच र सबैको पहुँच | ▪ सूचना प्रवाह सम्बन्धी निर्देशिकाको अभाव<br>▪ आन्तरिक सूचना प्रणालीको व्यवस्थित व्यवस्थापन नभएको | ▪ सूचनाको अधिकार (संविधान, ऐन)<br>▪ राष्ट्रिय सूचना आयोगको व्यवस्था<br>▪ सूचना अधिकारीको नियुक्ती | ▪ भौगोलिक दूरी<br>▪ प्रविधि<br>▪ यथास्थितिवादी प्रवृत्ति प्रति मोह |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| | | | ▪ आयोगमा समन्वय शाखा भएको<br>▪ आयोगको वेवसाइट भएको | |
| **३ दर्ता र निर्वाचन विधि** | | | | |
| मतदाता दर्ता र पहिचान | ▪ सजिलो दर्ता प्रक्रिया<br>▪ राष्ट्रका सबै नागरिकहरूको व्यापक विद्युतीय डाटा वेस भएको<br>▪ अद्यावधिक फोटोसहितको मतदाता नामावली<br>▪ दक्ष, क्षमतावान, प्रतिस्पर्धी जनशक्तिको विकास<br>▪ सफ्टवेयर र हार्डवेयरको पर्याप्तता | ▪ दर्ताको लागि कर्मचारी नपुग<br>▪ जटिल बसाइसराइ प्रक्रिया<br>▪ लक्षित समूह (भूमिहिन जनता, मुश्लिम, दलित, मधेसी महिला र पिछडिएका समुदाय) को नामदर्ता नभएको | ▪ जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर दर्ता प्रक्रियालाई सजिलो बनाउन सकिने ।<br>▪ व्यक्तिगत घटना दर्ता अभिलेखसँग संयोजन गर्ने यो एक आधार हुन सक्दछ<br>▪ नयाँ प्रविधिको प्रयोग गर्ने | ▪ जिल्ला प्रशासन कार्यालयबाट दैनिक नागरिकता प्रमाणपत्र प्राप्त गर्ने सबै व्यक्तिको दर्ता<br>▪ दोहोरो दर्ताको नियन्त्रण र सुधार<br>▪ लक्षित समूहहरूको नाम पर्याप्त रूपमा दर्ता गर्ने |

| **रणनीतिक सवाल** | **सवलता** | **दुर्वलता** | **अवसर** | **जोखिम** |
|---|---|---|---|---|
| | ▪ मतदाता परिचयपत्रको वितरण<br>▪ परिचयपत्र वितरणले निर्वाचनको प्रभावकारी व्यवस्थापन<br>▪ जिल्ला तहका सरकारी निकायहरूको सहयोगमा वृद्धि (घुम्ती टोली समेत) | ▪ लक्षित समूहको लागि निर्वाचन शिक्षा अपर्याप्त भएको<br>▪ विदेशमा रहेका मतदाताको दर्ता नभएको<br>▪ व्यक्तिगत विवरणको गोपनियता सम्बन्धी कानुन नभएको | ▪ राष्ट्रिय परिचयपत्रको रूपमा प्रयोग गर्न सकिने | ▪ अद्यावधिक मतदाता नामावली, वार्षिक रूपमा प्रकाशन गर्ने,<br>▪ दर्ता फारामको व्यवस्थापन र भण्डारण<br>▪ विदेशमा रहेका नागरिकहरूको पहिचान,<br>▪ नाम सङ्कलन र व्यवस्थापन मा मतदातालाई आकर्षित गर्ने |
| राजनीतिक दलहरूको दर्ता | ▪ राजनीतिक दलको दर्तासँग सम्बन्धित कानुन भएको | ▪ राजनीतिक दलहरूको अभिलेख प्रणालीको अभाव | | ▪ राजनीतिक दलहरूको अभिलेख |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| र तिनको नियमन | | ▪ राजनीतिकदल दर्तागर्न अत्यधिक संख्यामा हस्ताक्षर आवश्यक पर्ने | | अद्यावधिक र व्यवस्थापन गर्ने<br>▪ राजनीतिकदलहरुको नियमन गर्ने |
| निर्वाचन प्रणाली र सूचना प्रणाली | ▪ सूचना प्रविधि महाशाखाको स्थापना<br>▪ सूचना प्रविधिको भौतिक पूर्वाधार निर्माण<br>▪ प्राविधिक क्षेत्रमा जनशक्ति विकास<br>(EVM) को सफलतापूर्वक प्रयोग<br>▪ टिकाउ डाटावेस तयार भएको | ▪ उपलब्ध उपकरणको समुचित उपयोग अभाव<br>▪ डाटाको सुरक्षा र गोपनियता सम्बन्धी उचित नीति अभाव<br>▪ जनशक्तिलाई संस्थागत स्मरण रूपमा टिकाउ नगरिएको<br>▪ अभिलेख प्रणाली व्यवस्थित नभएको | ▪ बायोमेट्रिक प्रविधिको माध्यमद्वारा व्यवस्थित रूपमा मतदाताको पहिचान गर्न सकिने<br>▪ विदेशमा रहेका मतदाताहरूको दर्ता प्रविधिको प्रयोग गरी गर्न सकिने<br>▪ प्रविधिमा आएको तिब्र परिवर्तन | ▪ प्रविधिमा भएको द्रुत परिवर्तनलाई समयको आवश्यकताअनुसार ग्रहण गर्ने<br>▪ सूचना प्रविधिको प्रयोगको लागि विद्युतको नियमित आपूर्ति दक्ष कर्मचारी टिकाई राख्ने सम्बन्धमा उचित योजना तयार गर्ने |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| **४. निर्वाचन शिक्षा र बाह्य संगठनात्मक पहुँच** | | | | |
| मतदाता शिक्षा र सूचना | ▪ क्षेत्रीय तथा स्थानीय भाषामा निर्वाचन शिक्षा सामग्रीको पर्याप्त विविधता रहेको<br>▪ निर्वाचन र मतदाता शिक्षाको लागि स्थानीय तहमा उचित संयन्त्रको परिचालन र जनशक्ति विकास<br>▪ मतदाता शिक्षामा स्थानीय सामूदायिक सङ्गठनहरूको सक्रियता<br>▪ समुदाय लक्षित कार्यक्रम शुरू गरेको | ▪ मतदाता शिक्षाको निरन्तरता नभएको,<br>▪ भौगोलिक तथा भाषिक विविधताका आधारमा सामग्री तयार गरी प्रभावकारी मतदाता शिक्षा अभियान नचलाइएको<br>▪ मतदाता शिक्षा कार्यकर्ताको क्षमता निर्माण र स्थायित्व नभएको<br>▪ मतदाता शिक्षा राजनीतिक दल, | ▪ स्थानीय भाषा र संस्कृति प्रतिको सचेतना | ▪ मतदाता शिक्षा कार्यक्रमको विकेन्द्रीकरण<br>▪ लक्षित समूह पुग्ने आयोगले हासिल गरेको विश्वसनीयता जोगाई राख्ने<br>▪ मतदाता शिक्षा कार्यक्रमलाई धार्मिक, सांस्कृतिक, सामाजिक, भाषिक, भौगोलिक अवस्था अनुरूप विस्तार गर्ने<br>▪ प्रविधिमा आएको परिवर्तनबमोजिम |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| | ▪ लैङ्गिक तथा समावेशीतालाई विचार गरी मतदाता शिक्षा सामग्रीको उत्पादन तथा वितरण<br>▪ बदर मत घटेको | उम्मेदवार र सरोकारवाला मैत्री नभएको<br>▪ मतदाता शिक्षा सामग्री समयमै तयार र उपलब्ध नभएको<br>▪ तालीम प्राप्त जनशक्तिको निरन्तरता नभएको<br>▪ मतदाता शिक्षा विद्यालय शिक्षा र नागरिकको शिक्षाको रूपमा विकास नभएको | | दक्ष जनशक्ति र पूर्वाधार विकास गर्ने<br>▪ कार्यक्रमलाई निरन्तरता दिने नीति कार्यान्वयन र यसको दिगोपना कायम गर्ने<br>▪ भूगोल र समाजको आवश्यकता अनुसार मतदाता शिक्षा सामग्रीको तयारी<br>▪ विभिन्न भाषाहरूमा सामग्री तयारगर्न दक्ष जनशक्तिको विकास |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| निर्वाचन शिक्षा र सूचना केन्द्रको सुदृढीकरण गर्ने र विस्तार गर्ने | ▪ निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापनाबाट शैक्षिक संस्थाहरू लाभान्वित भएको<br>▪ सूचना केन्द्र र कल सेन्टरको स्थापना भएको | ▪ निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्पष्ट संरचना नभएको<br>▪ निर्वाचन शिक्षना तथा सूचना केन्द्रको दायरा कार्यक्षेत्र विस्तारको अभाव | ▪ सार्कस्तरीय निर्वाचन शिक्षा र सूचना केन्द्रको स्थापना<br>▪ ज्ञान व्यवस्थापनको लागि पूर्वाधार निर्माण | ▪ सार्क स्तरीय निर्वाचन अध्ययन केन्द्रको विकास (सार्क सदस्य राष्ट्रहरूबाट मान्यता प्राप्त गर्ने र स्रोत साधन र जनशक्तिको प्रबन्ध गर्ने) |
| लैङ्गिक र सामाजिक समावेशीकरण | ▪ लैङ्गिक तथा समावेशी नीति जारी<br>▪ लैङ्गिक इकाईको स्थापना भएको | ▪ निर्वाचन प्रक्रिया लैङ्गिक र अपाङ्गमैत्री नभएको,<br>▪ लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयन नभएको | ▪ लैङ्गिक तथा सामाजिक समावेशीता | ▪ महिला सहभागिता वृद्धि गर्ने<br>▪ लैंगिक समानता र समावेशीकरण व्यवस्थित गर्ने |
| सरोकारवाला सँगको सम्बन्ध | ▪ नियमित रुपमा केन्द्र, क्षेत्रीय तथा जिल्ल तहमा | ▪ सरोकारवालाहरुसँग नियमित र प्रभावकारी समन्वय | ▪ सरोकारवालाहरुको बढ्दो चासो | ▪ प्रभावकारी सहयोग र समन्वयका लागि |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
| --- | --- | --- | --- | --- |
| | सरोकारवालाहरुसँग अन्तरक्रिया गर्ने<br>▪ पर्यवेक्षकहरुको लागि निर्वाचन पर्यवेक्षण गर्न पूर्व अभिमुखीकरण संचालन गर्ने<br>▪ मतदाता शिक्षाको लागि विभिन्न विकास साझेदार संस्थासँग सहयोग र साझेदारी गर्ने<br>▪ आवश्यकता अनुसारसरोकारवालाहरुलाई निर्वाचन व्यवस्थापन सम्बन्धी तालिम दिने | र अन्तरक्रियाको अभाव | ▪ विकास साझेदार संस्थासँगको साझेदारी र समन्वय तथा परिचालन बढ्दो | सरोकारवाला हरुको पहिचान<br>▪ लक्षित वर्ग र समूहका क्षमता र पहुँच वृद्धि |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| सञ्चार माध्यम अनुगमन र सञ्चार | ■ सञ्चार माध्यमको लागि आचार संहिताको निर्माण र कार्यान्वयन<br>■ भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गरी सञ्चार गृहको अनुगमन भएको | ■ निर्वाचन आयोगको आन्तरिक तथा वाह्य सञ्चार प्रक्रिया समयानुकूल हुन नसकेको | ■ आमसञ्चार माध्यमको संलग्नता र परिचालन | ■ प्रभावकारी आन्तरिक तथा वाह्य सञ्चार सम्पर्क र समन्वय<br>■ सञ्चार माध्यमको प्रभावकारी अनुगमन |
| पुस्तकालय तथा अभिलेख व्यवस्था | ■ निर्वाचन सम्बन्धमा अध्ययन, अनुसन्धान र ज्ञान प्राप्त गर्नको लागि पुस्तकालय स्थापना<br>■ सञ्चार माध्यमसँगको प्रभावकारी सम्बन्ध र सहयोग | ■ निर्वाचनसँग सम्बन्धित ऐतिहासिक तथा महत्वपुर्ण दस्तावेज र सामग्रीको प्रभावकारी व्यवस्थापन हुन नसकेको | | ■ अभिलेख व्यवस्थापन<br>■ श्रोत साधनको सही व्यवस्थापन<br>■ व्यवस्थापन सूचना प्रणाली स्थापना र संचालन<br>■ लक्षित पाठकसम्म पुस्तकालयको सम्पर्क बढाउने |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| | | | | ▪ पाठकको मागअनुसार पाठ्यसामग्री, सेवा र सुविधा उपलब्ध गराउने |

**५. सामग्री व्यवस्थापन र निर्वाचन सञ्चालन**

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| सामाग्री व्यवस्थापन | ▪ निर्वाचन आयोग ऐन, २०६३ को दफा १६ को विशेष प्रावधान<br>▪ पर्याप्त कानुनी व्यवस्था (ऐनहरू नियमहरू, निर्देशिकाहरू)<br>▪ अनुभवी जनशक्ति | ▪ निर्वाचन आयोग ऐन, २०६३ ले प्रदान गरेको विशेषाधिकार प्रयोग गर्ने कार्यविधिगत व्यवस्थाको अभाव<br>▪ गोदामघरको अभाव | ▪ प्रतिस्पर्धी बजार छनौट गर्ने अवसर,<br>▪ विकास साझेदार सकारात्मक,<br>▪ यातायात पूर्वाधारको विस्तार र अन्य स्रोतहरूको उपलब्धता, | ▪ भौगोलिक विकटता,<br>▪ सामग्रीको गुणस्तरको पहिचान,<br>▪ एकाधिकार, सिन्डिकेट, सुरक्षा,<br>▪ बन्द हडताल आदि । |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| | ▪ निर्वाचन सामग्रीको पहिचान र वितरण,<br>▪ निर्वाचन सामाग्रीको खरिद र ढुवानी<br>▪ जिल्ला निर्वाचन कार्यालयहरूको क्षमता वृद्धि भएको | ▪ सामग्रीको बहुउपयोग नभएको,<br>▪ स्पेशिफिकेशन निर्माण गर्ने र गुणस्तर कायम गर्न कठिनाई<br>▪ पुराना सामग्रीहरूको व्यवस्थापन (मर्मत, अभिलेख, लिलाम मिन्हा र हस्तान्तरण) | ▪ प्रविधिको उपलब्धता (मौसम भविष्यवाणी, निर्वाचन सामग्री पहिल्याउने, आमसञ्चार माध्यम)<br>▪ निर्वाचन अवधिको समयमा जिल्ला र स्थानीय तहमा स्रोतको उपयोग गर्ने अवसर | |
| निर्वाचन सुरक्षा | ▪ सुरक्षाको प्रत्याभूतिको कानुनी व्यवस्था,<br>▪ निर्वाचन सुरक्षा योजना,<br>▪ सुरक्षाको संस्थागत प्रावधानको कार्यान्वयन (Joint Election Operation Center) | ▪ कमजोर समन्वय कमजोर सूचना व्यवस्थापन | ▪ विस्तारित सुरक्षा सञ्जाल<br>▪ निर्वाचन केन्द्रित एकीकृत सुरक्षा योजना | ▪ प्रविधि र अपराधिक संगठनको उपस्थिति<br>▪ राजनीतिकदल र तिनका भातृसंगठनबीच विवाद |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| | ▪ जिल्ला कार्यक्रम व्यवस्थापन समिति,<br>▪ सुरक्षा अभिमुखीकरण सम्बन्धी कार्यक्रम सञ्चालन<br>▪ निर्वाचन अवधिभरको लागि बीमा सम्बन्धी प्रावधानको कार्यान्वयन | | ▪ सुरक्षा व्यवस्थापनमा प्रविधि उपयोग गर्ने सामर्थ्य<br>▪ नागरिक समाज, आमसञ्चार माध्यमको सकारात्मक भूमिका | ▪ सुरक्षाकर्मीको संख्या कम हुनु |
| मतदान केन्द्रहरूको स्तरीकरण | ▪ मतदान केन्द्र निर्धारण गर्नको लागि मापदण्ड भएको,<br>▪ अपाङ्गमैत्री मतदान केन्द्र,<br>▪ मतदान केन्द्र मूल सूची (PCML) को व्यवस्था, | ▪ मतदान केन्द्र निर्धारण गर्ने सम्बन्धमा दीर्घकालीन नीतिको अभाव(तदर्थ मापदण्ड हरू)<br>▪ मापदण्ड पूर्ण रूपमा पालना गर्ने अवस्था नभएको | ▪ पूर्वाधारको विकास,<br>▪ सरकार र निजीक्षेत्रद्वारा पुनर्निर्माणमा लगानी | ▪ कमजोर पूर्वाधार,<br>▪ निजी सम्पत्ति, खुला चौरमा मतदानकेन्द्र,<br>▪ निर्दिष्ट विद्यालय तथा गा.वि.स. भवनहरुमा मतदान केन्द्र कायम रहेका<br>▪ भौगोलिक विकटता |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| | ▪ सार्वजनिक पूर्वाधार उपयोग गर्न सक्ने कानुनी अख्तियारी | | | |
| संयुक्त निर्वाचन सञ्चालन योजना | ▪ निर्वाचन तालीक ।अनुसार निर्वाचन भइरहेको | ▪ निर्वाचन सञ्चालन योजनाको अभाव | ▪ निर्वाचन सञ्चालन योजना तयार गर्न सक्षम जनशक्तिको उपलब्धता | ▪ सम्बन्धित सरोकारवालासँगको समन्वयर सहकार्य<br>▪ वाह्य वातावरणबाट निर्वाचन व्यवस्थापन प्रभावित |
| मौसमी निर्वाचन क्यालेण्डर | ▪ | ▪ मौसमी निर्वाचन क्यालेण्डरको अभाव | ▪ मौसम भविष्यवाणी सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथ्यांकको उपलब्धता | ▪ अनिश्चित निर्वाचन मिति |
| वैकल्पिक मतदान र बाह्य | ▪ वैकल्पिक मतदानको सम्बन्धमा प्रारम्भक अध्ययन भएको | ▪ घुम्ती मतदानको व्यवस्थाको कार्यान्वयन नभएको | ▪ सरोकारवालाहरूले (राजनीतिक दलहरू, नागरिक | ▪ कानुनी प्रावधानको अभाव, |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| मुलुकबाट मतदान | ▪ अन्य जिल्लाबाट नाम दर्ता (ODR) को व्यवस्था रहेको | | समाज,एनआरएन) को सकारात्मक चासो<br>▪ विश्वका २९ मुलुकहरूमा कूटनीतिक नियोग रहेका,<br>▪ आधुनिक प्रविधिको उपलब्धता | ▪ छरिएर रहेका मतदाता<br>▪ महंगो व्यवस्थापकीय खर्च<br>▪ सम्बन्धित बाह्य मुलुकको सहमति |
| मतपत्रको व्यवस्थापन | ▪ आफ्नै भौतिक पूर्वाधार<br>▪ प्राविधिक जनशक्तिको उपलब्धता (डिजाइनिङ प्रिन्टिङ्ग) ब्रेललिपियुक्त विद्युतीय मतदान यन्त्रको उपलब्धता | ▪ ब्रेललिपि प्रयोग गर्न नसकिएको<br>▪ सबै मतदान केन्द्रमा प्रयोग गर्न नसकिएको | ▪ निर्वाचनमा ब्रेललिपि प्रयोग गर्ने सोचाइको विकास<br>▪ आवश्यकता अनुसार विद्युतीय मतदान यन्त्रको उपलब्धता | ▪ छोटो समयसीमा,<br>▪ ठूलो संख्यामा रहेका राजनीतिकदल तथा उम्मेदवारहरू<br>▪ मतपत्रको ढुवानी तथा भण्डारण |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| सम्पर्क, सम्बन्ध र समन्वय | ▪ नेपाल सरकार र यसका सबै निकायहरूसँग कार्यगत सम्बन्ध | ▪ जिल्ला प्रशासन कार्यालय (सुरक्षा निकाय), मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतबीच उचित समन्वयको अभाव | ▪ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्पर्क निकाय कायम गर्न सकिने<br>▪ निर्वाचनसम्बन्धी एकीकृत कानुनको निर्माण तथा कार्यान्वयनको संभावना | ▪ सबै सरोकारवालाहरु निर्वाचन प्रति कम संवेदनशील हुनु |
| निर्वाचन जोखिम व्यवस्थापन | ▪ निर्वाचन जोखिम व्यवस्थापन इकाइको स्थापना<br>▪ निर्वाचन जोखिम व्यवस्थापन संयन्त्रको विकास | ▪ प्राप्त सूचनाको आधारमा काम गर्ने प्रणालीको अभाव<br>▪ सबैलाई जानकारी दिन असमर्थ | ▪ निर्वाचन हिंसाको न्यूनीकरण<br>▪ निर्वाचनसम्बन्धी विवादको न्यूनिकरण, निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन | ▪ संस्थागत दीगोपना |

| रणनीतिक सवाल | सवलता | दुर्वलता | अवसर | जोखिम |
|---|---|---|---|---|
| | ▪ विकास साझेदारहरूबाट सहयोग | ▪ सूचना सङ्कलन गर्न स्थानीय तहसम्म सञ्जाल अभाव | | |

## परिशिष्ट ४

## अनुगमन तथा मूल्याङ्कनको लागि नमूना

### अनुगमन तथा मूल्याङ्कनको लागि नमूनासहितको मार्गदर्शन

रणनीतिक योजनामा समावेश भएका प्रत्येक निर्दिष्ट क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गर्दा सूचक र कार्यसम्पादन मापन आधारहरूको अतिरिक्ति निम्न उल्लिखित कुराहरू पनि जाँच गरिनेछ :

**अनुगमन :**

**जिम्मेवारी**

- जिम्मेवार भनी पहिचान गरिएका सबै व्यक्ति अपेक्षाअनुरूप सहभागी भएका छन/छैनन्
- परियोजनासँग समन्वय गर्न अतिरिक्त सहयोग आवश्यक पर्छ/पर्दैन
- बढी प्रभावकारी रूपमा उपलब्धि हासिल गर्न जिम्मेवार व्यक्तिहरूलाई अतिरिक्त निर्देशन वा मद्दत चाहिन्छ/चाहिदैन
- परियोजनाको जिम्मेवारी सम्बन्धमा फेरबदल आवश्यक छ/छैन

**संभाव्यता**

- परियोजनाको संभाव्यता अहिले निर्धारण भइसकेको छ/छैन
- संभाव्यता मूल्याङ्कनको परिणामको आधारमा केही परिवर्तन गरिनु पर्छ/पर्दैन

**स्रोत**

- मुख्य व्यक्तिहरू सहभागी भइरहेका छन्/छैनन्
- यो समयमा अतिरिक्त प्रमुख व्यक्ति सहभागी हुनु आवश्यक छ/छैन
- रकम पर्याप्त छ/छैन

**मूल्याङ्कन :**

**समयतालिका**

- प्रस्तावित तालिका अनुसरण गरिंदैछ/छैन ?
- तोकिएको समयमा सम्पन्न हुनुपर्ने भनी पहिचान गरिएका क्रियाकलापहरू सम्पन्न भइसकेका छन्/छैनन् ?
- समय तालिकालाई समायोजन गर्नुपर्छ/पर्दैन ?

**लक्ष्यको प्रगति**

- अपेक्षा अनुरूप
- अपेक्षा गरेभन्दा बढी
- अपेक्षा गरेभन्दा कम

**वार्षिक लक्ष्यको उपलब्धि**

- अपेक्षा गरेअनुरूप
- अपेक्षा गरेभन्दा बढी
- अपेक्षा गरेभन्दा कम

**क्रियाकलापको कार्यान्वयन**

- राम्रो कार्यान्वयन
- केही समस्याग्रस्त (समस्या पहिचान गर्ने)
- कार्यान्वयन गर्न धेरै कठिनाइ
- असंभव

**प्रभावकारिता**

- लक्ष्य हासिल पूर्णरूपमा
- लक्ष्य हासिल मूलरूपमा
- लक्ष्य हासिल आंशिक रूपमा

- उपलब्धि नै नभएको

**परिणाम**

- पूर्ण सन्तोषजनक
- मूल रूपमा सन्तोषजनक
- आंशिक रूपमा सन्तोषजनक
- असन्तोषजनक

**लागत प्रभावकारिता**

- कार्यान्वयनको लागत बजेटअनुरूप
- लागत उल्लेखनीय रूपमा बढी (यो बजेट आइटमको २० प्रतिशत वा बढी)
- केही रूपमा बढी (बजेट आइटमको २० प्रतिशत कम)
- केही रूपमा न्यून खर्च (बजेट आइटमको २० प्रतिशत कम)
- न्यून खर्च (बजेट आइटमको २० प्रतिशत वा बढी)
- सन्तोषजनक
- असन्तोषजनक

**नमूना तालिका - अनुगमन तथा मूल्याङ्कनको संक्षेपीकृत परिणामको नमूना**

एउटा निर्दिष्ट चौमासिकमा मूल्याङ्कन तथा अनुगमन प्रक्रिया समाप्त भएपछि सेवाबाट निर्क्यौल भएका कुराहरूको निष्कर्ष सारांशको रूपमा प्रत्येक क्रियाकलापको सारांश तालिका निम्न नमूनामा भरे बमोजिम भर्नुपर्छ :

| **निर्दिष्ट रणनीतिक क्रियाकलाप** | **कार्यान्वयनको अवस्था** | **सम्पादनको गुणस्तर** | **२०१५ (२०७१/७२) त्रैमासिकमा अनुगमन तथा मूल्याङ्कन भएको** | | | | **२०१६ (२०७२/७३) चौमासिकमा अनुगमन तथा मुल्याङ्कन भएको** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| संविधान बमोजिम आवश्यक भए निर्वाचन प्रणाली तथा प्रक्रियालाई सुधार गर्नको लागि योगदान गर्ने | प्रगति भइरहेको | औसतभन्दा माथि | | | X | | | | | |
| निर्वाचनसम्बन्धी एकीकृत कानुनी संरचनाको मस्यौदा तयार गर्ने र स्वीकृतिको लाग संसद समक्ष पेश गर्ने | अझै शुरु नभएको | अव्यवहारिक | | | | X | | | | |

| निर्दिष्ट रणनीतिक क्रियाकलाप | कार्यान्वयनको अवस्था | सम्पादनको गुणस्तर | २०१५ (२०७१/७२) त्रैमासिकमा अनुगमन तथा मूल्याङ्कन भएको | | | | २०१६ (२०७२/७३) चौमासिकमा अनुगमन तथा मुल्याङ्कन भएको | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| “मतपत्रमा माथिका ... मध्ये कसैलाई पनि मत नदिएको -नोटा) भन्ने व्यवस्था समेत समावेश गर्न आवश्यक काम गर्ने | प्रगति भइरहेको | औसत | | X | | | | | | |
| निर्वाचन विवाद निरूपण (EDR) को प्रावधान पुनरावलोकन गर्ने र प्रभावकारिता वृद्धिको लागि सुझाव दिने | प्रगति भइरहेको | औसतभन्दा तल | | | X | | | | | |

**प्रकाशक**
निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं, नेपाल
टेलिफोन नं : (९७७१) ४२२८६६३
ईमेल : info@election.gov.np

**छपाई**
जगदम्बा प्रेस,
हात्तीबन, ललितपुर, नेपाल
टेलिफोन नं : (९७७१) ५२५००१७
ईमेल : info@jagadambapr.com

**सहयोगी**
निर्वाचन सहयोग परियोजना, नेपाल

European Union

UKaid from the British people

UNDP Empowered lives. Resilient nations.

यस पुस्तिकामा अभिव्यक्त बिचारहरु लेखकका निजी बिचारहरु हुन् र यसले युरोपियन युनियन, डिएफआइडि, डेनमार्क, नर्वे तथा युएनडिपिको बिचारहरुको प्रतिनिधित्व गर्दैन । यो पुस्तिका युरोपियन युनियन, डिएफआइडि, डेनमार्क, नर्वे तथा युएनडिपिको आर्थिक सहयोगमा प्रकाशित भएको हो ।